राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ३ कार्यालयको

# बार्षिक गतिविधि पुस्तिका

२०७५/०७६

**राष्ट्रिय मानव अधिकार आयोग**
**प्रदेश नं. ३ कार्यालय**
सानेपा, ललितपुर


National Human Rights Commission - Nepal
राष्ट्रिय मानव अधिकार आयोग
बालविवाह अन्त्यका लागि बहुपक्षीय प्रादेशिक कार्यशाला
World Vision


अन्तरक्रिया कार्यक्रम


टोखा सडक पिडित संघर्ष समिति
विधेयक २०७५ खारेज गर


कार्यक्रम







राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ३ कार्यालयको

# बार्षिक गतिविधि पुस्तिका

२०७५/०७६

**राष्ट्रिय मानव अधिकार आयोग**
**प्रदेश नं. ३ कार्यालय**
सानेपा, ललितपुर ।

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय अनूप राज शर्मा

**सदस्यहरू**

माननीय प्रकाश वस्ती

माननीय सुदिप पाठक

माननीय मोहना अन्सारी

माननीय गोविन्द शर्मा पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

**सल्लाहकार** यज्ञप्रसाद अधिकारी

**लेखन/सम्पादन** सरिता ज्ञवाली
जायश्वर चापागाई
रारा कर्माचार्य
लोकनाथ घिमिरे
अस्मिता पोखरेल

**कम्प्युटर / ग्राफ** : अस्मिता पोखरेल
**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
प्रदेश नं. ३ कार्यालय, सानेपा, ललितपुर ।
**प्रकाशन मिति** : २०७६ असार
**संस्करण** : प्रथम
**प्रति**ः ७००
**प्रकाशन नं.**: राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश नं. ३ कार्यालय, सानेपा - १
**मुद्रण** : सौगात प्रिन्टर्स एण्ड स्टेशनरी, काठमाडौं ।
**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग
प्रदेश नं. ३ कार्यालय, सानेपा, ललितपुर ।

*@ आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ ।*

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

मानव अधिकार सवैका लागि सरोकारको विषय रहेको हुन्छ । संविधान तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धमा निहित हक अधिकारहरु नागरिकले निर्वाध उपभोग गर्न पाउनु मानव अधिकार हो भने ती अधिकारहरुको सम्मान, संरक्षण तथा सम्बर्धन गर्नु राज्यको दायित्व रहेको हुन्छ । तसर्थ मानव अधिकार उल्लंघन तथा दुरुत्साहनका घटनामा कमी ल्याउन साथै राज्य संयन्त्रलाई मानव अधिकार संरक्षणमा जवाफदेही बनाउन मानव अधिकारका क्षेत्रमा कार्यरत सवै निकायको एकिकृत प्रयास आजको आवश्यकता रहेको छ । आयोगको प्रदेश नम्बर ३ कार्यालय सानेपा, ललितपुरवाट मानव अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी गतिविधिहरु समेटेर प्रकाशित गर्न गैरहेको यो प्रादेशिक बार्षिक गतिविधि पुस्तिकाले प्रदेश नम्बर ३ अन्तर्गत समग्र जिल्लाको मानव अधिकारको अवस्थालाई चित्रण त गर्छ नै सँगसँगै मानव अधिकार अनुसन्धान तथा प्रर्बधनात्मक कार्यहरुको विवरण मार्फत आम सरोकारवालाको सुसूचित हुन पाउने हक समेतको सम्मान गर्नेमा म विश्वस्त रहेको छु ।

यस प्रादेशिक प्रतिवेदनले प्रादेशिक तथा स्थानीय तहमा भएका मानव अधिकार सम्बन्धी आफ्नो काम कारवाहीहरुको जानकारी दिनेछ । यस प्रतिवेदनले मानव अधिकारको अवस्था प्रति स्थानीय स्तरमा सचेतना ल्याउन र राज्यका विभिन्न निकायको काम कारबाहीवाट जनताको मानव अधिकारमा पर्न गएको प्रभावको मुल्याङ्कन गर्न मद्दत गर्ने छ भन्ने विश्वास लिएको छु। यस गतिविधि पुस्तिका तयार गर्न संलग्न आयोगको प्रदेश नं.३ कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

मिति २०७६/३/१२

........................

अनूप राज शर्मा
अध्यक्ष

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# मन्तव्य

राज्य संयन्त्रका निकायहरुबाट भएका काम कारवाहीको जानकारीबाट नै आम नागरिकले ती निकायको भूमिका कति महत्त्वपूर्ण छ भन्ने अनुभूति गर्न सक्दछन् । राष्ट्रिय मानव अधिकार आयोगको प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुरले आ.व. २०७५/७६ मा सम्पन्न गरेका अनुसन्धान, अनुगमन तथा मानव अधिकार संवर्द्धनका गतिविधिहरु समेटेर वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुसी लागेको छ । आयोगको प्रदेश कार्यालय सानेपा लगायत सबै प्रदेश तथा शाखा कार्यालयहरुले आफ्नो भौगोलिक क्षेत्र अन्तर्गत घटने मानव अधिकारका गम्भीर घटनाहरु सम्बन्धमा स्वविवेकीय ढंगबाट उजुरी ग्रहण गरी मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र उपभोगमा वृद्धि ल्याउन थप सकृयता बढाउन आवश्यक रहेको छ ।

आयोगको सबै प्रदेश कार्यालयहरुबाट प्रभावकारी रुपमा मानव अधिकारको उजुरीमा अनुसन्धान, अनुगमन र राज्यका विभिन्न निकायहरुसँग सहकार्य र समन्वयमा भएका गतिविधिहरुबाट प्रदेशको मानव अधिकारको अवस्था चित्रण गर्दछ । यिनै विषयवस्तु समेटेर आयोगको प्रदेश नं. ३ कार्यालय सानेपाबाट प्रकाशित गतिविधि पुस्तिकाले यस प्रदेशको मानव अधिकारको स्थितिसम्बन्धमा स्थानीय जनता र सरोकारवालासमक्ष जानकारी गराउन, सचेतना ल्याउन र राज्यका विभिन्न निकायहरुको काम कारवाहीबाट जनताको मानव अधिकारको सुनिश्चितता गर्ने कार्यमा पर्न गएको प्रभावको मूल्यांकन गर्न थोरै भए पनि मद्दत गर्ने छ भन्ने विश्वास लिएको छु ।

यस कार्यमा लगनशीलताका साथ खटिनु भएका निर्देशक श्री यज्ञ प्रसाद अधिकारी र सानेपा कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

वेद भट्टराई
सचिव

मिति : २०७६/३/१३

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

प्रदेश नम्बर ३ कार्यालय, सानेपा ललितपुर

**Province 3 Office, Sanepa, Lalitpur**

## मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोगको पहुँच विस्तार क्रममा प्रदेश कार्यालयको स्थापना गर्दै आएको छ । मानव अधिकारको अवस्था हेर्ने क्षेत्राधिकार रहेको यस प्रदेश कार्यालयले प्रदेश नं. ३ का १३ वटा जिल्लामा अनुगमन, अनुसन्धान तथा प्रर्वद्धनका गतिविधि गर्दै आएको छ । आ.व. २०७५/७६ मा यस क्षेत्रमा भएका गतिविधिलाई समेटी यो प्रतिवेदन आम समुदायमा ल्याइएको छ ।

मूलत यस वर्ष नागरिक र राजनीतिक अधिकार, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, कारागारको अवस्था, जेष्ठ नागरिकको अधिकार, जातिय विभेद, अपाङ्गताका विषयमा यस कार्यलयबाट विविध गतिविधि भएका छन् । आयोगको यस कार्यालयले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको प्रत्याभूतिको लागि विकास निर्माण संग सम्बन्धित स्थानीय र प्रदेश सरकार सहित सम्बन्धीत पक्षहरुलाई मानव अधिकारमूखी विकास पद्धती विषयमा स्थानीय निकायका जनप्रतिनीधिहरुलाई सहभागी गराई नेपाल सरकारको मानव अधिकार कार्ययोजना र मानव अधिकारमूखी विकास पद्धतीबारे अभिमुखीकरण कार्यशाला सम्पन्न भएका छन् ।

बाल अधिकार संरक्षणकालागि बालमैत्री शिक्षण पद्धती र दण्ड रहित शिक्षण सिकाइमा विविध कार्यक्रम भएका छन् । तथापी विद्यालय र घर परिवारमा पनि बाल बालिकालाई दण्ड दिने क्रम रोकिएका छैनन् । त्यस्तै महिला उपर हुने हिंसा, दुर्व्यवहारका घटना र दाइजोको निहुँमा, बोक्सीको आरोपमा समेत, हिंसा भएको देखिन्छ । ज्येष्ठ नागरिक हकहित संरक्षण सम्बन्धी ऐन जारी भएता पनि उल्लङ्घनकर्तालाई कानुनी कारबाही हुने कानुनी व्यवस्था नहुँदा ज्येष्ठ नागरिक सम्बन्धी ऐन आफैमा दाँत बिनाको बाघ जस्तो देखिन्छ । सदियौ देखिको रुढीवादी परम्परागत सोचको कारण अझै पनि समाजमा छुवाछुतको विषयलाई लिएर हुने घटनाहरु पनि रोकिन सकेको छैन । कानुनको निर्माण भएतापनि प्रभावकारी कार्यान्वयन र जनचेतनाको कमीले गर्दा जातिय विभेद र छुवाछुत विषयगत घटना भइ रहेको अवस्था छ । नेपाल अपाङ्गसँग सम्बन्धित महासन्धिको पक्ष राष्ट्र भएको छ तथापी अपाङ्गमैत्री सरकारी र सार्वजनिक भवन, बाटो, यातायात जस्ता आधारभूत अधिकार र परिचय पत्र नै राज्यबाट उपलब्ध हुन सकेको छैन ।

समग्रमा भन्नु पर्दा नेपालले मानव अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय रुपमा गरेको प्रतिवद्धता अनुरुप राष्ट्रियतहमा प्रभावकारी रुपमा मानव अधिकार संरक्षण हुन सकेको छैन । तथापी सिमित स्रोत, साधन र जनशक्तिका वावजुद यस कार्यालयबाट प्रतिवेदन अवधिमा मानव अधिकारको सम्वर्द्धनकालागि नागरिक समाज, विभिन्न गैरसरकारी संघसंस्था र राज्यका निकायसंगको सहकार्यमा ठोस योगदान दिन सकेको छ । मानव अधिकार उल्लङ्घनका घटनामा अनुसन्धान गर्दै दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिको लागि नेपाल सरकारलाई सिफारिस गर्नु पर्ने संवैधानिक र कानुनी दायित्व अनुरुप कार्य भई आएका छन् । त्यसकालागि संलग्न आयोगका सहकर्मी, सरकारी निकाय, गैरसरकारी संघसंस्था सबैको महत्वपूर्ण योगदानलाई धन्यवाद दिन चाहन्छु ।

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**
प्रदेश नम्बर ३ कार्यालय, सानेपा ललितपुर
**Province 3 Office, Sanepa, Lalitpur**

अन्त्यमा प्रतिवेदन तयार गर्ने गहन कार्यमा संलग्न यस कार्यालयका कर्मचारी उप-निर्देशक सरिता ज्ञवाली, मानव अधिकार अधिकृत जायश्वर चापागाई, लेखा अधिकृत रारा कर्माचार्य, मानव अधिकार सहायक लोकनाथ घिमिरे र सूचना प्रविधि सहायक अस्मिता पोखरेल विशेष धन्यवादका पात्र हुनु हुन्छ। साथै अनुगमन, अनुसन्धान, प्रशिक्षण, तालिम र सम्वर्द्धन कार्यमा खटिनु हुने आयोगका सम्पूर्ण कर्मचारी प्रति आभार व्यक्त गर्न चाहन्छु। प्रकाशनको लागि निरन्तर उत्प्रेरणा प्रदान गर्नु हुने आयोगका माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरु तथा सचिवज्यू प्रति विशेष आभार व्यक्त गर्दछु।

छोटो समयमा पुस्तक छपाई सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्ने श्री सौगात प्रिन्टर्स एण्ड स्टेशनरी, काठमाण्डौलाई समेत धन्यवाद दिन चाहन्छु।

....................
यज्ञप्रसाद अधिकारी
निर्देशक

१३ असार, २०७६

# विषय-सूची

**राष्ट्रिय मानव अधिकार प्रदेश नं. ३ कार्यालयको आ.व. २०७५/०७६ को वार्षिक गतिविधि : झलक** १

## परिच्छेद-१ ३

१.१ पृष्ठभूमी ३
१.२ सँगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र ३
१.३ प्रदेश नं ३ कार्यालयबाट भएका गतिविधि ३
१.४ केन्द्रीय कार्यालयबाट भएका पदाधिकारीको भ्रमण तथा कार्यक्रम ११

## परिच्छेद-२ १२

मानव अधिकारको अवस्था १२
२.१ नागरिक तथा राजनीतिक अधिकारको अवस्था १२
२.२ बिचार अभिव्यक्ति स्वतन्त्रताको अवस्था १३
२.३ शान्ति सुरक्षा र कानूनको शासनको अवस्था १४
२.४ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था १४
२.५ यातना विरूद्धको अधिकारको अवस्था १६
२.६ बलपूर्वक बेपत्ता विरूद्धको अधिकारको अवस्था १७
२.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था १७
२.८ मानव अधिकार रक्षकको अवस्था १८
२.९ उपभोक्ताको अधिकार १९
२.१० सवै किसिमका जातिय भेदभाव विरूद्धको अधिकारको अवस्था २०
२.११ महिला अधिकारको अवस्था २२
२.१२ बाल अधिकारको अवस्था २३
२.१३ मानव बेचविखन तथा गैरकानूनी अप्रवासनको अवस्था २३
२.१४ आप्रवासी कामदारको अधिकारको अवस्था २४

## परिच्छेद-३ २६

३.१ प्रदेश कार्यालयका उपलब्धी, चुनौती र समाधानका सम्भावित उपायहरू २६
३.२ प्रदेश र स्थानिय सरकारलाई सुझाव २७

**अनुसूचीहरू** २८

# राष्ट्रिय मानव अधिकार प्रदेश नं. ३ कार्यालयको आ.व. २०७५/०७६ को वार्षिक गतिविधि : झलक

| क्र.सं | कामको प्रकृति | संख्या | विषय | कैफियत |
|---|---|---|---|---|
| **१. मानव अधिकार संरक्षण** | | | | |
| १.१ | उजुरी | ९६ (पुराना उजुरी सहित हाल बिचाराधिन ८९९) | ➢ नागरिक तथा राजनीतिक अधिकार<br>➢ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार<br>➢ यातना विरुद्धको अधिकार<br>➢ महिला अधिकार<br>➢ बाल अधिकार<br>➢ जातिय विभेद विरुद्धको अधिकार<br>➢ व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार<br>➢ आप्रवासी कामदार र तीनका परिवारको अधिकार<br>➢ अन्यः जेष्ठनागरीकको अधिकार, शरणर्थीको अधिकार, मानव बेचबिखन, वातावरणको अधिकार आदि । | |
| १.२ | अनुगमन | ४२ | ➢ **नागरिक तथा राजनीतिक अधिकार**ः समग्र मानव अधिकार अवस्था, कैदीबन्दीहरूको अधिकार, न्याय प्रशासन आदि<br>➢ **आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार**ः स्वास्थ्यको अधिकार, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार आदि<br>➢ महिला, बालबालिका, सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार मानव बेचबिखनको अवस्था आदि । | |
| १.३ | **अनुसन्धान** | ११६ (२१ अनुसन्धान टोली) | ➢ नागरिक तथा राजनीतिक अधिकारः जीवनको अधिकार, यातना, बेपत्ता आदि ।<br>➢ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारः विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपीट, क्षतिपूर्ति, महिला अधिकार, बाल अधिकार आदि । | |
| १.४ | **निर्णयका लागि पठाईएका फाइल** | ८७ | ➢ नागरिक तथा राजनीतिक, न्याय-प्रशासन, अपहरण, आवागमनको अधिकार, बाल अधिकार, विस्थापित, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातिय विभेद, महिला अधिकार आदि । | |

| | | | | |
|---|---|---|---|---|
| **२. मानव अधिकार संवर्द्धन** | | | | |
| २.१ | प्रशिक्षण, अन्तर्क्रिया, छलफल, गोष्ठी, तालिम, अभिमुखिकरण, सचेतना, आदि | २२ | ➢ शान्ति सुरक्षा र मानव अधिकार, बेपत्ता पारिएका व्यक्तिको अधिकार, सङ्क्रमणकालीन न्याय, खाद्य अधिकार, नेपाल सरकारको चौथो राष्ट्रिय मानव अधिकार कार्ययोजना, स्थानीय तहमा विवाद निरूपण, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, मानसिक स्वास्थ्य अधिकार, ज्येष्ठ नागरिकको अधिकार, अल्पसङ्ख्यकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, सामूहिक अधिकार आदि । | |
| २.२ | समन्वय सहकार्यमा संवर्द्धन सम्बन्धी कार्यक्रम | १० | ➢ महिला अधिकार, बाल अधिकार, शिक्षाको अधिकार, खाद्य अधिकार, मानव बेचबिखन विरुद्धको अधिकार, जातिय विभेद विरुद्धको अधिकार, मानव अधिकार मुखी विकास पद्धती, विवाद निरूपणमा स्थानीय तहको भूमिका, विद्यालय शान्ति क्षेत्र र बिद्यालयमा बाल अधिकार, बाल विवाह रोकथाम कार्यशाला मौलिक हक कार्यान्वयन सम्बन्धी प्रादेशीक कार्यशाला, उपभोक्ताको अधिकार आदि । | |
| २.३ | (स्रोत व्यक्ति) अतिथि/अन्य कार्यक्रममा सहभागिता | ४० | ➢ शुरक्षा निकाय र मानव अधिकार, मानव अधिकारमुखी विकास पद्धती, बाल विवाह रोकथाममा राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक सामाजिक साँस्कृतिक अधिकार, बाल अधिकार, अपङ्गता भएका व्यक्तिको अधिकार आदि । | |
| २.४ | आयोगका आन्तरिक कार्यक्रममा सहभागिता | २० | ➢ आयोगको वार्षिक कार्यक्रम, बिभिन्न समयमा आयोगबाट आयोजित कार्यक्रममा सहभागिता, अध्ययन भ्रमण आदि । | |
| **३. प्रकाशन** | | | | |
| ३.१ | वार्षिक प्रतिवेदन | १ | ➢ वार्षिक गतिविधि पुस्तिका, २०७६ | |
| **४. मानव संसाधन** | | | | |
| ४.१ | कर्मचारी | १३ | ➢ प्रदेश नं. ३ कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी | |

# परिच्छेद-१

## १.१ पृष्ठभूमी

नेपालको सविधान (२०७२) को धारा २४८ अनुरुप स्थापित राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वयत्त निकाय हो। संविधानको धारा २९३ बमोजिम प्रतिनिधि सभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य सवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारबाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्ने छ। हाल आयोगमा एक केन्द्रीय कार्यालय, सात प्रदेश कार्यालय र तीन प्रदेश शाखा कार्यालय क्रियासिल रहेका छन्।

राष्ट्रिय मानव अधिकार आयोग समक्ष जनताको सहज पहुँच पुगोस् भन्ने उद्देश्यका साथ २०७४ साल कात्तिक १ गते उपक्षेत्रीय कार्यालय सानेपा, ललितपुरमा स्थापना भएको हो। यस कार्यालयको स्थापना भए सँगै यस कार्यालयले आफ्नो क्षेत्राधिकार भएका जिल्लाहरूमा मानव अधिकार सम्बन्धी आफ्ना गतिबिधिहरू सञ्चालन गर्दै आएको छ। आयोगको मिति २०७५ असार ८ गतेको निर्णयानुसार यस कार्यालयलाई प्रदेश नं ३ कार्यालयको रुपमा सानेपा ललितपुरमा स्थापित गरी कार्य संचालन गरी आएको छ। यस क्षेत्रको समग्र मानव अधिकारको सवालहरूमा केन्द्रित रही यस कार्यालयले अनुगमन र अनुसन्धान सम्बन्धी कार्यलाई निरन्तर रूपमा अगाडि बढाइरहेको छ। कार्यालयको अनुगमन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदनको निष्कर्ष, प्रेस-विज्ञप्तिको आधारमा पुस्तिका मार्फत मानव अधिकारको स्थितिलाई प्रकाशमा ल्याउने क्रम निरन्तर जारी रहेको छ।

## १.२ सँगठनात्मक संरचना, कार्यदिश र कार्यक्षेत्र

संङ्घीय संरचना अनुसार निर्माण गरिएको आयोगको प्रदेश नं ३ कार्यालय सानेपा, ललितपुर कार्यालयको भौगोलिक क्षेत्राधिकार भित्र प्रदेश नं ३ अर्न्तगतका १३ वटा जिल्लाहरू रहेका छन्। यस कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण अनुसुची १ मा राखिएको छ। प्रादेशिक क्षेत्राधिकार भित्रका जिल्लाको विवरण अनुसूची-२ मा राखिएको छ।

## १.३ प्रदेश नं ३ कार्यालयबाट भएका गतिविधि

आयोगको प्रदेश नं ३ कार्यालयबाट आ.व. २०७५/७६ को अवधीमा सम्पन्न गरिएका मानव अधिकार अनुगमन तथा अनुसन्धान टोलीहरूको प्रतिवेदन, प्राप्त उजुरीहरू, सम्पन्न गरिएका प्रवर्द्धनात्मक गतिविधिहरू अन्य निकायका प्रतिवेदन आदिको आधारमा समेत यो प्रतिवेदन तयार गरिएको छ। मानव अधिकारको क्षेत्रमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ सस्थाहरू, पत्रकारहरू, नागरिक समाज, स्थानीय प्रशासन, सुरक्षा निकाय, आदिसँग समय समयमा गरिएका अर्न्तक्रिया,

छलफलबाट प्राप्त जानकारीहरूलाई पनि यस प्रतिवेदनको आधारको रूपमा लिइएकोछ।

### १.३.१ प्रशासनिक कार्यहरू

यस कार्यालयबाट तोकीएका जिम्मेवारी निम्नानुसार रहेका छन।

(क) कार्यालय व्यवस्थापन र सरसफाई।

(ख) सार्वजनिक खरिद।

(ग) मर्मत संहार तथा रेखदेख (कार्यालयका भौतिक साधनहरूको अनुगमन निरीक्षण)।

(घ) सवारी व्यवस्थापन।

(ङ) दर्ता चलानी (पत्राचार)।

(च) कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कामहरू।

| सम्पादीत कार्यहरू | | |
|---|---|---|
| १ | कर्मचारीहरू सँग सम्बन्धित कार्यहरू | • कर्मचारीहरूको सरुवा र रमाना सम्बन्धी पत्राचार<br>• कर्मचारीहरूको कार्य सम्पादन मुल्याकन फारम संकलन।<br>• कर्मचारीहरूको आ.व. २०७५/०७६ को सम्पति विवरण संकलन।<br>• कर्मचारीहरूको फाईल ब्यवस्थापन।<br>• कर्मचारीहरूको बिदा, हाजिरको अभिलेख। |
| २ | ब्यवस्थापकीय कार्यहरू | • ३ नं. प्रदेशको राजधानी हेटौडा, मकवानपुरमा कार्यालय खोल्न तथा कार्यालयका लागि जग्गा उपलब्ध गराउनका लागि निरन्तर पत्राचार तथा सम्बन्धीत निकाय सँग परामर्श वैठक।<br>• अनुगमन अनुसन्धान टोलीका लागि सवारी व्यवस्थापन सम्बन्धी कार्यहरू<br>• कार्यालय तथा कार्यालय परिषर सरसफाईका लागि आवश्यक कार्यहरू |

| | | |
|---|---|---|
| ३ | खरिद बिक्रि/मर्मत संहार/सवारी साधनसँग सम्बन्धित कार्यहरू | • आ.व. २०७४/०७५ को जिन्सी निरिक्षणको लागि समिति गठन गरी कार्य सम्पादन भएको ।<br>• फर्निचर सम्बन्धी समान खरिद ।<br>• स्टेशनरी खरिदकालागि सिलबन्दी दरभाउ पत्र आह्वान ।<br>• कार्यालय सम्बन्धी आवश्यक समान खरिद, मर्मत तथा नियमित आपूर्ति । |

### १.३.२ आर्थिक प्रशासन शाखा

**सम्पादित कार्यहरू:**

(क) प्राप्त अख्तियारी बमोजिम निकासा माग गर्ने ।

(ख) आर्थिक कारोबारको लोखा राख्ने तथा आर्थिक प्रतिवेदन तयार गर्ने ।

(ग) लेखा परीक्षण (आन्तरिक तथा अन्तिम) ।

(घ) आर्थिक अनुशासन कायम गर्ने ।

यस कार्यालयबाट आर्थिक बर्ष २०७५/०७६ को लागि बजेट शिर्षक २१४०११३ चालु तर्फ रू. १,१४,०४,०००।- बिनियोजन भएकोमा रू. १,०२,१६,६७३।३९ निकासा तथा खर्च भएको छ । बजेट शिर्षक २१४०११४ पुँजिगत तर्फ १,४०,०००।- बिनियोजन भएकोमा रू. १,३९,१५५।- निकासा तथा खर्च भएको छ । खर्चको सम्पूर्ण विवरण अनुसूची-११ मा समावेश गरिएको छ ।

### १.३.३ संरक्षण सम्बन्धी कार्यहरू

प्रदेश नं ३ कार्यालय को स्थापना भए पश्चात यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने १३ वटा जिल्लाहरूमा मानव अधिकार संरक्षणका लागि उजुरी ग्रहण, अनुगमन, अनुसन्धान र उजुरी निर्णयार्थ आयोगमा पेश गर्ने लगायतका कार्यहरू भै आएका छन् ।

### १.३.४ संवर्द्धन सम्बन्धी कार्यहरू

मानव अधिकार सम्बन्धी शिक्षा र सचेतना अभिवृद्धि एवं मानव अधिकारको वकालत, पृष्ठपोषण तथा सुचना सम्प्रेषण सम्बन्धी कार्यमा संवर्द्धनात्मक कार्यको विशेष महत्व हुने गर्दछ । संवैधानिक एवं कानुनी दायित्व अन्तर्गत आयोगको यस कार्यालयले मानव अधिकर सम्बर्द्धमा विविध गतिविधिहरू संचालन गर्दै आएको छ । आयोगको रणनीतिक योजना तथा बार्षिक कार्ययोजनामा आधारित यस प्रकृतिका कार्यहरूबाट मानव अधिकार सचेतना अभिवृद्धि एवं मानव अधिकार संस्कृतिको विकासमा टेवा पुगेको छ ।

आयोगले "सवैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार" भन्ने सन्देश अगाडी सारेको छ। यसलाई सार्थक बनाउन मानव अधिकारको संवर्द्धन मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका २०६९ जारी भई कार्यान्वयनको चरणमा रहेको छ। यसै अनुरुप यस कार्यालयले प्रदेश सरकार तथा स्थानीय सरकार हरूसँग समन्वय र सहकार्य गरी अन्तर्क्रिया, छलफल, सभा, गोष्ठी, तालिम, कार्याशाला जस्ता गतिविधीहरू संचालन गर्दे आएको छ।

यस कार्यालयबाट सम्पादीत कार्यक्रमहरू मध्ये स्थानीय तहसँग समन्वय र सहकार्य गरी १० वटा कार्यक्रमहरू संचालन गरेको छ। मानव अधिकार आयोग एवं पेसागत संघ संस्थाद्धारा आयोजित मानव अधिकार सम्बन्धी कार्यक्रमहरूमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा सहित आयोगको प्रदेश नं. ३ कार्यालयको तर्फबाट) सहभागिता जनाएको छ। संम्वर्द्धन सम्बन्धी कार्यक्रमहरूको विस्तृत विवरण अनुसुची-३ मा उल्लेख गरिएको छ।

### १.३.५ उजुरीसँग सम्बन्धित कार्यहरू

यस प्रदेश कार्यालयले मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने क्रममा संविधान, ऐन नियमको परिधि भित्र रही मानव अधिकार उल्लंघन तथा दुरुत्साहन सँग सम्बन्धीत घटनाहरूमा स्वविवेकीय रुपमा र अन्य माध्यमबाट उजुरी ग्रहण गर्दे आएको छ। यस प्रकारका उजुरी, पीडित, पीडितको परिवार संघ संस्था, व्यक्ति, समुदाय वा सञ्चारममा सम्प्रेषित समाचारका आधारमा समेत उजुरी ग्रहण गर्ने गरिन्छ। यसरी कार्यालयमा प्राप्त उजुरी माथि अनुगमन, अनुसन्धान एवं छानविन गरी पीडित तथा पीडित परिवारलाई क्षतिपूर्ति राहत र आवश्यक कानुनी कारबाही का लागि सरकार वा सरोकारवाला निकाय समक्ष सिफारिस गर्दे आएको छ। यस आर्थिक वर्ष यस कार्यालयमा जम्मा ९६ उजुरीहरू दर्ता भएका छन्। आयोगको यस कार्यालयमा हालसम्म विचाराधीन ८९९ उजुरीहरूको विवरण अनुसुची-४ मा राखिएको छ।

**महासन्धिमा आधारित मासिक विषयगत उजुरीहरूको विवरण** (आ.व.२०७५/७६)

| **विषयगत उजुरीहरू** | **साउन** | **भदौ** | **असोज** | **कातिक** | **मंसिर** | **पुस** | **माघ** | **फागुन** | **चैत** | **वैशाक** | **जेठ** | **असार** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नागरिक तथा राजनीतिक अधिकार | ७ | १३ | ३ | २ | ३ | २ | ५ | ४ | २ | ५ | ६ | ४ | ५६ |
| आर्थिक समाजिक तथा साँस्कृतिक अधिकार | ४ | २ | २ | - | - | - | १ | २ | - | १ | | २ | १४ |
| यातना तथा क्रुर अमानवीय व्यवहार विरुद्धको अधिकार | १ | १ | - | १ | - | १ | १ | - | - | - | १ | | ६ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाल अधिकार सम्बन्धी अधिकार | - | - | - | - | - | - | - | - | - | १ | - | | १ |
| महिला विरुद्धको अधिकार | - | १ | १ | ४ | - | - | ४ | - | - | - | - | १ | ११ |
| आप्रवासी कामदार हरूको अधिकार | - | १ | - | - | १ | - | - | - | - | - | - | | २ |
| व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार | - | १ | - | - | - | १ | - | १ | - | २ | | | ५ |
| सवै किसिमका जातिय भेदभाव विरुद्धको अधिकार | - | - | - | - | - | - | - | १ | - | - | - | - | १ |
| अपांगता भएका व्यक्तिहरूको अधिकार | - | - | - | - | - | - | - | - | - | - | - | | - |
| जम्मा | १२ | १९ | ६ | ७ | ४ | ४ | ११ | ८ | २ | ९ | ७ | १ | ९६ |

यस प्रदेश कार्यालयमा परेका उजुरीका विषयमा राजनीतिक तथा नागरिक अधिकारसँग सम्बन्धित ५२, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसँग सम्बन्धित १२, यातनासँग सम्बन्धित ६, महिला अधिकारसँग सम्बन्धित १० र व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकारसँग सम्बन्धित ५ उजुरीहरू दर्ता भएका छन् । प्राप्त उजुरीहरूको प्रकृति हेर्दा न्याय प्रशासन, जीवनको अधिकार, शान्तिपूर्वक भेला भई सभा सम्मेलन गर्न पाउने अधिकार, स्वास्थ्य, शिक्षा रोजगारी, आवास तथा वातावरण अधिकारसँग सम्बन्धित छन् । यसै गरी महिला अधिकार, घरेलु हिंसा, बाल अधिकार, अपांगता भएका व्यक्तिहरूको अधिकार, जातिय विभेद विरुद्धको अधिकार, जेष्ठ नागरिकको अधिकार लगायतका विषयसँग सम्बन्धित छन् ।

### १.३.६ जिल्लागत रुपमा परेका उजुरीहरू

यस आ.व. २०७५/०७६ मा यस कार्यालयमा सवै भन्दा बढी काठमाण्डौ जिल्लाका २३ उजुरी दर्ता भएका छन् । सवै भन्दा कम भक्तपुर, रसुवा, मकवानपुर जिल्लाबाट २-२ उजुरी दर्ता भएका छन् दोलखा जिल्लाबाट यस आर्थिक वर्षमा कुनै पनि उजुरी दर्ता भएको छैन । यस कार्यालयमा २०७५ साउन देखि २०७६ असार ३१ गते सम्म ९६ वटा उजुरीहरू दर्ता भएका छन् । जिल्लागत उजुरीहरूको विवरण अनुसुची-५ मा राखिएको छ ।

**राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ३ कार्यालय सानेपा ललितपुरमा आर्थिक वर्ष २०७५/०७६ मा जिल्लागत रुपमा दर्ता भएका उजुरीहरूको विवरण**

| काठमाण्डौ | भक्तपुर | ललितपुर | दोलखा | रामेछाप | सिन्धुली | काभ्रेपलाञ्चोक | सिन्धुपाल्चोक | रसुवा | नुवाकोट | धादिंग | चितवन | मकवानपुर | अन्य जिल्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | २ | ८ | ० | ५ | ५ | ६ | ५ | २ | ५ | ५ | ६ | २ | १९ | ९६ |

### १.३.७ नौ महासन्धिमा आधारित उजुरीहरू

ठूला महासन्धिमा आधारित उजुरीहरूको प्रकृति हेर्दा विगत वर्ष देखि यस आर्थिक वर्ष सम्म यस कार्यालयको क्षेत्राधिकार भित्रका जम्मा ८९९ उजुरीहरू विचाराधिन रहेका छन् । नागरिक तथा राजनीतिक अधिकारमा २२६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा ८४, यातना विरुद्धको अधिकार १३०, व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार २२८, अपांगता भएका व्यक्तिहरूको अधिकार १९, बाल अधिकार ५२, महिला अधिकार ७५ आप्रवासी कामदार ५५, जातिय भेदभाव विरुद्ध ३, मानव वेचविखन र शरणार्थीको अधिकार अन्तर्गत ६ उजुरी विचाधीन रहेका छन् । प्रदेश नं ३ कार्यालयको क्षेत्राधिकार पर्ने मकवानपुर जिल्लाका उजुरीहरू यो प्रतिवेदन तयारी अवधिसम्म प्रदेश नं २ कार्यालय जनकपुरबाट हस्तान्तरण भई यस कार्यालयमा आउन बाँकी रहेको छ भने प्रदेश नं ५ कार्यालय बुटवलबाट चितवन जिल्लाका ३७ थान उजुरीहरू यस कार्यालयमा प्राप्त भएका छन् ।

### १.३.८ विषयगत आधारमा परेका उजुरीहरू

यस कार्यालयमामा सबै भन्दा बढी आर्थिक समाजिक सांस्कृतिक अधिकार हनन् भएको भनी २९९, व्यक्ति वेपत्ता पार्ने कार्य विरुद्धको अधिकारमा २२८ यातना विरुद्धको अधिकारमा १३० उजुरी रहेका छन् । स्वतन्त्रता/सभा सम्मेलनको अधिकार, बिभेद विरुद्धको अधिकार, कैदी बन्दी स्वच्छ वातावरणको अधिकार हनन् भएको लगायतका विषयहरूमा  जम्मा ८९९ उजुरी दायर भएका छन् ।

आयोगले मानव अधिकार हनन् भएको भनिएका घटनाहरूको सम्बन्धमा आवश्यक परामर्श पनि प्रदान गर्दे आएको छ। आयोगले आफ्नो क्षेत्राधिकार भित्र नपर्ने उजुरीहरू उपर आवश्यक कारबाहीका लागि सम्बन्धीत निकायमा पठाउनुका साथै उजुरीकर्तालाई कानुनी परामर्श समेत दिदै आएको छ। यस आ.व. मा कार्यालयले ९५ वटा परामर्श सेवा उपलब्ध गराएको छ भने प्रारम्भीक छानविन पछि उक्त उजुरीहरूको विभिन्न

निकायमा रिफर गरेको छ। उक्त उजुरीहरूको विवरण अनुसूची-१० मा उल्लेख समावेश गरिएको छ।

### १.३.९ अनुगमन सम्बन्धि गतिविधिहरू

मानव अधिकारको संरक्षणका लागि यस प्रदेश कार्यालयले एकल रुपमा र राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयसँगको समन्वयमा समेत अनुगमन गर्दै आएको छ। यस कार्यालयले मानव अधिकारसँग सम्बन्धीत घटनामा अनुगमन गर्ने गर्दछ। मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धि सम्झौता तथा राष्ट्रिय कानूनले व्यवस्था गरेका हक-अधिकार, राज्यका नीति निर्देशन, मानव अधिकार राष्ट्रिय कार्ययोजना आदि विषयहरूको कार्यान्वयनको अवस्थालाई ध्यानमा राखी अनुगमन हुँदै आएको छ। आवश्यक्ता, परिस्थिति र विषयवस्तुको गाम्भीरर्यता र वार्षिक कार्ययोजना आदिका आधारमा विषयगत, नियमित र आकस्मिक रुपमा अनुगमन हुने गरेको छ।

यस आ.व. २०७५/७६ मा भएका अनुगमनका विषयहरूमा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, महिला अधिकार, यातना विरुद्धको अधिकार आदि रहेका छन्। नागरिक तथा राजनीतिक विषयमा समग्र मानव अधिकार अवस्था, कैदीबन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना लगायतका विषयमा अनुगमन हुँदै आएको छ। त्यसै गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा अस्पताल एवं स्वास्थ्य अवस्था, उपभोक्ताको अधिकार, प्रकृतिक प्रकोप (बाढी पहिरो) बाट विस्थापितहरूको अधिकार आदि रहेका छन्। जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसंख्यक/सिमान्तकृत समुदाय, अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार, आप्रवासी कामदारहरूको अधिकार, मानव वेचविखनको अवस्था लगायतका विषयमा पनि अनुगमन हुदै आएको छ। यस कार्यालयबाट यस आ.व. को अवधिमा ४२ पटक आकस्मिक अनुगमन र १० पटक विषयगत अनुगमन सम्पन्न भएका छन्। सम्पादन भएका कार्यहरूको विवरण अनुसुची-९ मा समावेश गरीएको छ।

### १.३.१० अनुसन्धान सम्बन्धी गतिबिधिहरू

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ३ कार्यालय सानेपा ललितपुरले मानव अधिकार उल्लंघन र दुरुत्साहनका घटनामा संविधान, ऐन नियमको परिधि भित्र रही अनुसनधान कार्यलाई प्राथमिकता साथ अगाडी बढाउँदै आएको छ। यस अवधिमा ४ वटा उजुरीमा मेलमिलाप गराइएको छ। केन्द्रीय कार्यालयबाट जिम्मेवारी सरी आएका ७६६, प्रदेश नं. ५ कार्यालय बुटवलबाट जिम्मेवारी सरी आएका ३७ र यस कार्यालयमा दर्ता भएका ९६ वटा उजुरीहरू मध्ये यस आ.व.मा २१ वटा अनुसन्धान मिसनबाट ११६ वटा उजुरी उपर अनुसन्धान सम्पन्न गरी निर्यणार्थ केन्द्रीय कार्यालयमा पठाएको छ।

### १.३.११ केन्द्रीय कार्यालयमा भएका सिफारिशहरू

यस प्रदेश कार्यालय सानेपाबाट यस आर्थिक वर्षमा ८७ थान उजुरीहरू उपर अनुसन्धान सम्पन्न गरि अन्तिम निर्णयका लागि केन्द्रीय कार्यालयमा पेश गरेको छ। उक्त उजुरीहरूको विवरण अनुसुची-६ मा समावेश गरिएको छ।

### १.३.१० मानव अधिकार संरक्षणमा प्रदेश नं ३ कार्यालयबाट भएको प्रयासहरू

- राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ३ कार्यालयले कार्यसम्पादनको क्रममा कार्यालयमा प्राप्त उजुरी तथा अनुगमनमा प्राप्त तथ्यहरूको आधारमा विभिन्न विषयका ४ उजुरीमा मेलमिलाप गराईएको छ।
- चितवन जिल्ला भरतपुर महानगरपालिका-१२ गोन्द्राङ्ग स्थित सडक बोर्डको कर संकलन केन्द्रमा कर संकलन केन्द्र हटाउन माग गर्दै आएको स्थानीय वासीन्दाको टोलीले उक्त स्थानको सुरक्षार्थ खटिएको प्रहरी सहायक निरिक्षक कल्पना खड्कालाई २०७६ जेठ ३ गते बिहान १०:३० वजेको समयमा पेट्रोल छर्किएर आगो लगाई घाईते बनाएको घटनाका सम्बन्धमा अनुगमन गरि निजको स्वास्थ्य उपचार र घटनाका आरोपीतलाई कानुन बमोजिम कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय चितवनलाई पत्राचार गरेको छ।
- नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी यूनियन, नेपाल नर्सिङ संघ इकाइ भक्तपुमा कार्यरत स्टाफ नर्स लगायतका स्वास्थ्यकर्मीहरूले शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपाण केन्द भक्तपुरले प्रस्तावित सांगठनिक ढाँचा अनुरुप स्थायी पदपुर्ति गर्न सुचना प्रकाशन गरे पश्चात कार्यरत "कर्मचारीहरूलाई स्वतः स्थायी गर्नु पर्ने माग राखी" २०७६ वैशाख २७ गते देखि स्टाफ नर्स दिकी शेर्पा र जिता वराल अस्पताल परिसर मै आमरण अनसन वसेपश्चात अस्पताल भर्ना भएका विरामीहरू समेत उपचार गर्नबाट बञ्चित हुनु परेकोले विषयको गांभिर्यतालाई हेरी दुवै पक्षलाई बार्ताको माध्यमबाट समस्या समाधानका लागि यस कार्यालयबाट पहल भएको र अनसनरत दिकि शेर्पाले अनसन तोडे पश्चात निर्वाध रुपमा अस्पताल संचालन भएको छ।
- काठमाडौंको भद्रकाली मन्दीर परीसरमा २०७६ असार १२ गते धर्तिमाता भन्ने विष्णु कुँवरले एक युवतीलाई बोक्सीको आरोपमा कुटपिट तथा यातना दिएको घटनाका सम्बन्धमा आयोगबाट अनुगमन गरि आरोपीतलाई कानुन बमोजिम कारबाही गर्न निर्देशन दिएकोमा निज धर्तिमाता लाई तत्कालै प्रहरीले पक्राउ गरी कानुन बमोजिम कारबाही प्रकृया अगाढी बढाएको अवस्था छ।
- नेपालका लागि नेपाली नामक संस्थाको अभियन्ता ज्ञान बहादुर शाहीलाई सुर्खेत जिल्लामा पक्राउ गरी यातना दिएको र काठमाडौ ल्याई ट्रमा सेन्टरमा उपचारको

क्रमामा प्रहरीको निगरानीमा उपचार गराइरहेको पाईएकोले निजको प्रभावकारी स्वास्थ्य उपचारको प्रबन्ध मिलाउनु भनी महानगरिय प्रहरी परिसर र अस्पताललाई पत्राचार गरी अनुसन्धान प्रारम्भ गरेको छ ।

- मानव बेचविखन तथा गैर कानूनी आप्रवासनमा आयोगवाट केही उजुरी तथा प्रभावितहरुको अवस्था अध्ययन तथा विश्लेषणको कार्य भैरहेको छ । सोही सम्बन्धमा आयोगवाट शुशिला सार्कीको मिति २०७५।१०।२० मा दर्ता भएको उजुरीको अनुसन्धानको क्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, प्रहरी प्रधानकार्यालय लगायत अन्य गैर सरकारी निकायसग आवश्यक पत्राचार सुचना संकलन, छलफल गरी निजको आयोगको पहल तथा नेपाल प्रहरीको समन्वयमा पाटन मानसिक अस्पतालमा मानसिक उपचार भएको र हाल रोजगारीमा सम्लग्न रहेको भन्ने पाइएको ।

### १.३.१३ समन्वय सहकार्य

आयोगले आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने जिल्लाहरूमा मानव अधिकार प्रर्वदनात्मक कार्यक्रमहरू संचालन गर्दा प्रदेश सरकार, सरकारी कार्यालयहरू, स्थानीय सरकार अर्न्तगत बिभिन्न नगरपालिका तथा गाउँपालिकाहरूसँगको समन्वय र सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दे आएको छ। प्रदेश तथा स्थानीय सरकार र अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सम्पन्न भएका कार्यक्रमहरू प्रभावकारी हुने गरेकोले समन्वयमा कार्यक्रम संचालन गर्न स्थानीय निकाय तह हरूबाट यस कार्यालयसँग पत्राचार समेत हुने गरेको छ । मानव अधिकार प्रवर्धन कार्यक्रम सञ्चालन गर्दा स्थानीय मानव अधिकारकर्मी, संघ-संस्थासँगको समन्वयमा कार्यक्रम भएका छन् ।

## १.४ केन्द्रीय कार्यालयबाट भएका पदाधिकारीको भ्रमण तथा कार्यक्रम

यस प्रदेश कार्यालयमा यस आर्थिक वर्ष २०७५/०७६ मा केन्द्रीय कार्यालयबाट तपसिल बमोजिमका पदाधिकारीहरूको भ्रमण भएको छ ।

| क्र.सं | पदाधीकारीहरूको नाम | मिति |
|---|---|---|
| १ | मा. सदस्य श्री सुदिप पाठक | २०७६।१।१६ |
| २ | मा. सदस्य श्री गोविन्द शर्मा पौड्याल | २०७६।२।१७ |
| ३ | मा. सदस्य गोविन्द शर्मा पौड्यालको प्रमुख आतिथ्यमा २०७५ फागुन १७ गते काठमाण्डौ जिल्ला तारकेश्वर नगरपालिकामा मानव अधिकार र अपराध पीडितको अधिकार विषयक कार्यशाला सम्पन्न भएको । | २०७५।११।१७ |

# परिच्छेद-२

## मानव अधिकारको अवस्था

यस आर्थिक बर्षमा यस कार्यालयले आफ्नो बार्षिक कार्य योजना तथा तत्कालिन आवश्यकता अनुसार मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि गरिएका मानव अधिकार अनुगमन तथा अनुसन्धानहरू एवं विभिन्न समयमा आयोजित विविध मानव अधिकार कार्यक्रहरूबाट प्राप्त तथ्यहरू, कार्यालयमा प्राप्त हुन आएका उजुरीहरू र विभिन्न सञ्चार माध्यममा प्रकाशित भएका मानव अधिकारसँग सम्वन्धित समाचारहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूको प्रतिवेदनहरू समेतको आधारमा यस क्षेत्रको मानव अधिकारको अवस्था निम्न अनुसार रहेको देखिन्छ।

## २.१ नागरिक तथा राजनीतिक अधिकारको अवस्था

व्यक्तिको नागरिक तथा राजनीतिक अधिकारको प्रचलनलाई केलाउँदा संघीय, प्रादेशिक तथा स्थानीय तह गरी तीन तहको निर्वाचन सम्पन्न भई तीनै तहका सरकार कार्यान्वयनमा आएको छ। स्थानीय तहको माध्यमवाट नागरिकले प्राप्त गर्ने सेवा सुविधाहरू छिटो छरितो जनताकै घर आँगनवाट उपलब्ध हुने भनिए पनि कर्मचारी अभाव तथा कर्मचारी समायोजनमा भएको ढिलाइले सेवा प्रबाह तथा प्रभावकारीतामा प्रभाव परेको देखिन्छ।

स्थानीय तह नगरपालिका तथा गाउँपालिकाका नगर उपप्रमुख तथा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिती रहेको छ। न्यायिक समितीको कार्य सम्पादनका विषयमा विषयगत तालिम तथा दक्षताको कमीले न्याय सम्पादनमा केही असहजता रहेको भन्ने गुनासा आयोगवाट स्थानीय निकायसँगको समन्वयमा गरिएको सचेतना कार्यक्रममा पाइएको छ। केही स्थानमा न्यायिक समिती गठनमा ढिलाइ भएको तथा केही स्थानमा क्षेत्राधिकार भन्दा बाहीरका उजुरीको चाप न्यायिक समिती समक्ष रहेको भन्ने पाइएको छ।

मर्यादित एवं सम्मानीत रुपमा जीवनयापन गर्न पाउनु पत्येक नागरिकको नैसर्गिक अधिकार हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी, १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिलाई जीवनको अधिकार प्रत्याभूती गर्दै स्वेच्छाचारी ढंङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने भनी उल्लेख गरिएको छ। तथापी, आयोगमा परेका उजुरीको अनुसन्धान तथा विश्लेषणको आधारमा प्रहरीले आरोपीत व्यक्तिलाई पक्राउ गर्न सक्ने संभावना रहेकोमा समेत अत्याधिक बल प्रयोग गरी स्वच्छ पुर्पक्षको अधिकार, जीवनको अधिकार प्रतिकुल कार्य भएको हुन सक्ने आयोगको प्रारम्भिक अनुसन्धानमा पाइयो।[१] उक्त घटनामा विस्तृत अनुसन्धान जारी रहेको छ।

---

१ *आयोगवाट मिति २०७५/४/२५ देखि ०७५/५/१८ सम्म भक्तपुरमा बालक निशान खड्कालाई अपहरण गरी मार्ने दुई जना अपहरणकारी अजय तामाङ्ग र गोपाल तामाङ्ग प्रहरी इन्काउन्टरमा मारिएको भनिएको घट्नाको सम्बन्धमा गरिएको अनुसन्धान प्रतिवेदन।*

त्यसैगरी पक्राउ पुर्जी विना हिरासतमा लिने, नियन्त्रणमा लिइएका व्यक्तिहरूलाई अमर्यादित तथा अपमानजनक व्यबहार र यातना हुने गरेको पाइयो ।[२] कारागारमा रहेका बन्दीहरूको स्वास्थ्य उपचारको क्रममा वीर अस्पतालको उपचार कक्षमा रहँदा समेत बन्दीहरूलाई नेल लगाई हातहतियार सहित सुरक्षाकर्मीको उपस्थिती रहेको भन्ने पाईयो ।[३] यस प्रकारको कार्य कारागार ऐन २०१९ को दफा ११(२) मा उल्लेखित स्वास्थ्य उपचारको क्रममा नेल हत्कडी लगाउन नपाउने व्यवस्था विपरित रहेको पाइएको छ । त्यसैगरी महिला हिंसाका केही उजुरीमा प्रहरी कार्यालयले जाहेरी लिन इन्कार गर्ने तथा स्वच्छ पुर्पक्षको अधिकारबाट वञ्चित हुनु परेको भनी आयोगमा उजुरी दायर हुने गरेको छ ।

राजधानी लगाएत देशका विभिन्न स्थानमा मिति २०७६ जेठ १२ र १३ गते भएको बम विष्फोट, आगजनी तथा तोडफोडका घट्नाहरूवाट भएको जनधनको क्षति, विष्फोटको घटनाबाट काठमाडौमा ४ जनाको मृत्यु भएको, विभिन्न स्थानमा भएका विष्फोट आगजनी तथा बम विष्फोटका घटनाबाट ८ जना घाईते भएको[४] जस्ता घट्नाहरूले सुरक्षित वातवरणमा सम्मानपुर्वक बाँच्न पाउने व्यक्तिको अधिकारको उल्लंघन भएको छ । त्यसैगरी ललितपुर स्थित नख्खुमा रहेको एनसेल कार्यालयको परिसरमा भएको बम विष्फोटमा परी घाइतेको मृत्यु भएको[५] घटनाले सर्वसाधरणमा भय, त्रासको वातावरण फैलिएको देखिन्छ । जसले भयरहित वातावरणमा बाँच्न पाउने अधिकारको उल्लंघन भएको पाइयो ।

## २.२ बिचार अभिव्यक्ति स्वतन्त्रताको अवस्था

नेपाल सरकारवाट २०७६ वैशाख २७ गते संसदमा दर्ता गराएको मिडिया काउन्सील सम्बन्धी कानूनलाई शंसोधन र एकिकरण गर्न वनेको विधेयक प्रति विरोध जनाउदै नेपाल पत्रकार महासंघका प्रतिनिधि र नागरीक अगुवाबाट काठमाण्डौमका भएको शान्तिपूर्ण विरोध कार्यक्रमको यस कार्यालयले नियमित अनुगमन गर्‍यो । प्रस्तावित मिडिया काउन्सीलको गठन प्रकृयाले यस्को स्वायत्ततामा प्रतिकुल असर पुर्‍याउने र आचार संहिता उलंघन भएको भनी आफै जाँचबुझ गर्ने, आफै दण्ड जरीवाना गर्ने, क्षतिपूर्ति तोक्ने, व्यवस्था प्रचलित न्यायिक मुल्य मान्यता प्रतिकुल रहेको भनी विरोध प्रदर्शन भएका थिए । प्रेश स्वतन्त्रता, मानव अधिकार र विधीको शासन लोकतन्त्रको अभिन्न अंग रहेकोले नियमन अनुचित होईन तर नियमनको नाउँमा नियन्त्रण गर्नु मानव अधिकारको मुल्य मान्यता अनुकुल हुन सक्दैन ।[६] मानव अधिकार रक्षकको रुपमा रहेको

२ *राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७६/२/२० आयोगको प्रेस विज्ञप्ती*

३ *राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७६/३/८ आयोगको प्रेस विज्ञप्ती*

४ *राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७६/२/१३ आयोगको प्रेस विज्ञप्ती*

५ *राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७५/११/१३ आयोगको प्रेस विज्ञप्ती*

६ *राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७६ जेठ १ गतेको प्रेस विज्ञप्ती ।*

प्रेस जगत प्रति अंकुश लगाउने कार्यबाट विचार अभिव्यक्ति स्वतन्त्रताको रक्षा हुन सक्ने देखिदैन।

## २.३ शान्ति सुरक्षा र कानूनको शासनको अवस्था

नेपाल कम्युनिष्ट पार्टी (विप्लव समूह) का गतिविधि लाई आतंककारीको रुपमा लिई गतिविधि रोक्ने नेपाल सरकारबाट २०७५ फागुन २८ गते निर्णय भए पछि विप्लव समूहका नेता कार्यकर्ता लाई गिरफ्तार गर्ने, थुनामा राख्ने कार्य यस प्रदेशका जिल्लाहरुमा पनि भएको पाईयो। प्रहरीबाट गिरफ्तार गरीएका व्यक्तिलाई कानुनी कारबाही विरुद्ध सम्मानीत सर्वेच्च अदालतमा बन्दी प्रत्यक्षीकरणमा रिट निवेदन दर्ता भई अदालतबाट थुनामुक्त गर्ने आदेश भएका व्यक्तिलाई अदालत परिसरवाटै अर्को मुद्दा रहेको देखाई पुनः गिरफ्तारीका घटना भएका छन्।[७] विप्लव समूहले आह्वान गरेको बन्द हड्तालबाट व्यक्तिको आवागमनको अधिकार, पेशा रोजगारीको अधिकार, हनून भएको छ भने बम बिष्फोटन बाट जनजीवन आतंकीत हुन पुगी भय र त्रासको वातावरण श्रृजना हुन गएको छ। अर्को तर्फ अदालतकै आदेश को सम्मान नगर्ने, अदालत परिषरबाटै गिरफ्तार गर्ने कार्यबाट कानुनको शासन कमजोर अवस्था देखियो। आयोगको यस कार्यालयबाट अदालतबाट भएको पुनः गिरफ्तारीका घटनाको नजीकबाट अनुगमन गरी तथ्य संकलन गरेको छ भने थुनामा रहेका बन्दीको मानव अधिकार अवस्थावारे निरन्तर अनुगमन गरी आएको छ।

## २.४ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध, १९६६ को नेपाल पक्ष राष्ट्र रहेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले व्यक्तिको खाधान्न, स्वास्थ्य, शिक्षा, आवास र रोजगारीको अधिकारलाई प्राथमिकतामा राखेको छ। नेपालको संविधानको भाग ३ अर्न्तगत मौलिक हकमा समेत गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार लगायत अधिकांश अधिकारलाई स्थापित गरेको छ।

कुनै पनि अन्तर्राष्ट्रिय सन्धीलाई अनुमोदन गरी पक्ष राष्ट्र भए पछि उक्त सन्धिका प्रावधानहरूलाई आफनो घरेलु कानुन सरह कार्यान्वयनमा ल्याइनु अपरिहार्य छ। तथापी यस प्रदेशमा शिक्षा, स्वास्थ्य, खाधान्न, आवास र रोजगारीको हकको कार्यान्वयन अवस्था अत्यन्त चुनौतीपूर्ण रहेको छ। मौलिक हकमा नै उल्लेख गरिएको स्वास्थ्य, शिक्षा, खाधान्न, आवास र रोजगारीको हक कार्यान्वयनको लागि मौलिक हक कार्यान्वयन गर्न १६ वटा ऐन जारी भएता पनि कार्यान्वयन अवस्था चुनौतिपूर्ण देखिएको छ। अझ पनि विद्यालयको पहुँच वाहिर रहेका बालवालिकाहरूको संख्या उल्लेख्य छ। विद्यालयमा पुगेका बालवालिकाको पठनपाठनमा निरन्तरता पनि अर्को चुनौती रहेको छ।

---

७ *नेकपा माओवादी विप्लव समूहका नेता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) लाई सर्वोच्च अदालतबाट चौथो पटक थुनामुक्त गर्ने आदेश हुँदा समेत पुःन गिरफ्तार गरियो।*

संविधान प्रद्धत अधिकारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भनिए पनि अझ पनि आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच न्यून रहेको छ। जिल्ला अस्पतालमा सरकारवाट निशुल्क उपलब्ध गराईने भनिएका ७० प्रकारका औषधीमा ३० प्रकारका औषधि पनि नरहेको भन्ने आयोगको अनुगमनवाट देखिएको छ। कतिपय जिल्लाहरूको स्थानीय तहमा प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सकको प्रवन्ध गरिएको तर औजार, उपकरण नहुँदा सिकेको सीप समेत कार्यान्वयनमा आउन नसकेको गुनासो पाइयो। नेपाल सरकारले देशका केही जिल्लाहरूवाट सुरु गरेको स्वास्थ्य विमा कार्यक्रम सवै नागरिकको रुचीमा रहेको पाइएको तर विमा अन्र्तगतको उपचारको लागि तोकिएको सरकारी अस्पतालमा जाँदा विमितहरूको संख्याको तुलनामा चिकित्सक तथा आवश्यक औषधि तथा उपकरणहरूको प्रबन्ध हुन नसकेको, नियमित रुपमा अन्य विरामी र विमित विरामीको लाइन एउटै हुँदा विमितहरूले सेवा लिन नपाएको, घण्टौ लाइनमा बसेर टिकट लिए पनि औषधी तथा उपकरण अभावमा विमा योजना निश्प्रभावी रहेको पाइयो। जसले नागरिकहरूमा सरकारी स्वास्थ्य सस्थामा चिकित्सक नरहने र चिकिस्सक भएको ठाउँमा पनि पर्याप्त औषधि नपाउने भन्ने आम धारणा रहेको काभेपलाञ्चोक जिल्लाको विभिन्न स्थानीय तहमा आयोगको यस कार्यालयबाट गरिएको अनुगमनवाट देखिन्छ।[८]

आम नागरिकको स्वास्थ्यको अधिकारप्रति संवेदनशील रहनु पर्ने सरकारी चिकित्सकहरू समायोजनको क्रममा संघीय सरकार मातहत राख्न माग गर्दै आकस्मिक बाहेकका स्वास्थ्य सेवा बन्द लगाएतका कार्यले सरकारी अस्पतालबाट प्रदान गरिने नियमित स्वास्थ्य सेवा अवरुद्ध भई आम नागरिकको स्वास्थ्यको अधिकार हनन भएको थियो[९]।

खाधान्नको उत्पादन, भण्डारण र विक्री वितरण तथा वजार व्यवस्थापनमा पनि यस क्षेत्रमा समस्या देखिएको छ। परम्परागत कृषि प्रणालीलाई रुपान्तरण गरी बैज्ञानीक कृषि प्रणालीमा जान नसकिरहेको अबस्था छ। खाधान्न भण्डारणको अभावमा उत्पादीत खाधान्न तथा मौसमी फलफुल तथा तरकारी भण्डारण गरी बेमौसममा प्रयोगमा ल्याउन सक्ने अवस्था रहेको छैन। मौसमी फलफुल तथा तरकारी उत्पादन राम्रो भए पनि बजार तथा भण्डारण उचित प्रबन्ध नहुँदा अधिकांस उत्पादीत बस्तु कुहिएर नष्ट हुने गरेको छ। दुग्ध उद्योगको अभावमा उत्पादित दुधलाई प्रशोधन गरि अन्य दुधजन्य उत्पादन गर्न नसकिएको तथा समय समयमा मिल्क होलिडे तथा कृषकहरूले दुधको मुल्य तथा बजार नपाएको भनी सडकम दुध पोखेर विरोध प्रर्दशन गर्नु परेको आयोगको यस कार्यालयबाट अनुगमन गर्दा चितवन तथा काभ्रेपलाञ्चोक जिल्लाको दुग्ध कृषकको भनाई रहेको थियो।

---

८ *काभेपलाञ्चोक जिल्लाको विभिन्न स्थानीय निकायमा आयोगवाट गरिएको अनुगमनवाट पाइयो।*

९ *मिति २०७५/११/२६ को राष्ट्रिय मानव अधिकार आयोगको प्रेस विज्ञप्ती*

आर्थिक, सामाजिक र साँस्कृतीक अधिकारको परिपूर्ति अन्य अधिकारको उपभोगसँग प्रत्यक्ष सरोकार राख्ने गर्दछ। जस्तै खाधान्नको अधिकारले जीवनको अधिकार, शिक्षाको अधिकारले रोजगारीको अधिकारमा सम्बन्ध राख्ने हुँदा राज्यले नागरिकका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको परिपूर्तिका लागि संरचनागत, संस्थागत तथा नीतिगत व्यवस्था गरी वशेष कार्यक्रम ल्याउनु अपरिहार्य रहेको छ।

सरकारले संघीय संसदमा दर्ता गराएको गुठी विधेयक खारेजीको माग गर्दै गुठीयारहरूद्धारा काठमाण्डौमा गरिएको विरोध प्रर्दशनमा प्रहरीवाट २०७६ ज्येष्ठ २६ गते बल प्रयोग भएको पाइएको छ।[१०] शान्तिपुर्ण भेला हुने तथा प्रर्दशन गर्ने नागरिकको अधिकारको सम्मान गर्दै सांस्कृतिक अधिकार मानव अधिकारकै अभिन्न अङ्ग भएकोले यो अधिकार कुनै पनि रुपमा कसैवाट पनि हनन् नुहने सुनिश्चीतता हुनु पर्दछ।

## २.५ यातना विरूद्धको अधिकारको अवस्था

नेपालको सविधान (२०७२) ले यातना विरुद्धको हकलाई मौलिक हकमा समावेश गरेको छ। मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १६७ मा प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन निषेध गरेको छ। त्यस्तो कार्य गरेमा कसुरको गम्भीरता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा ५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ को धारा ७ ले पनि यातनालाई निषेध गरेको छ। यातना, क्रुर र अमानवीय एवं अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४ लाई नेपालले अनुमोदन गरिसकेको छ। तर पनि अभियुक्तको सावितिको आधारमा प्रमाण संकलन गर्ने पुरानो अनुसन्धान पद्धतीको कारण अझैपनि हिरासतमा यातना र दुर्व्यवहारका घटना भएको भनी आयोगमा परेको उजुरीमा पाइन्छ [११]। यद्यपी फौजदारी अपराधमा गिरफ्तार भई हिरासतमा रहेका अभियुक्त उपर अनुसन्धान गर्दा भौतिक सवुत तथा प्रमाणमूखी अनुसन्धान पद्धतिमा वृद्धि हुँदै गएकोछ। कैदी तथा वन्दीहरूको संविधान प्रदत्त फौजदारी न्याय सम्वन्धी हकलाई व्यवहारमा उतार्न अझै पनि धरै प्रयास गर्न बाँकी रहेको छ। महिला, पुरूष र बालबालिकालाई हिराशत वा थुनामा राख्दा छुट्टै कोठामा राख्नुपर्ने प्राबधानको कार्यान्वयनमा आएको देखिन्छ। यद्यपी कैदीबन्दी विरामी परे समयमै उचित उपचारको व्यवस्था गर्नुपर्ने, अभियुक्तले आफ्नो विरुद्धमा बोल्न कर लगाउन नपाउने जस्ता हक निर्वाधरूपमा उपभोग

*१० राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७६/२/२९ को प्रेस विज्ञप्ती*

*११ राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७६/२/२० को प्रेस विज्ञप्ती*

गर्न पाएको अवस्था छैन । नावालक बन्दीलाई बालसुधार गृहमा राख्नु पर्ने कानूनी व्यवस्था भएता पनि प्रत्येक जिल्लाको पायक पर्ने ठाउँमा बालसुधार गृहको व्यवस्था हुन नसक्दा समेत बाल अधिकारको संरक्षण हुन सकेको छैन ।

महानगरीय प्रहरी परिसर जावलाखेल, ललितपुर, चितवनको भरतपुर, धादिंग, नुवाकोट जिल्लाका प्रहरी हिरासत कक्षको अनुगमनको क्रममा क्षमता भन्दा दोब्बर थुनुवा बन्दी हिरासत कक्षमा रहेको पाइयो । त्यसैगरी यस क्षेत्रको अन्य कारागारहरूमा समेत क्षमता भन्दा दोब्बर भन्दा बढी संख्यामा कैदी बन्दी रहेको पाइयो । मकवानपुर जिल्लाको भिमफेदी कारागार भवन नयाँ र सुविधा सम्पन्न रहेको पाइयो भने चितवन जिल्लामा नयाँ हिराशतमा कैदी बन्दी सार्ने प्रकृयामा रहेको पाइयो । स्वभाविक रूपमा संख्या वढी हुने वित्तिकै अधिकांश समस्या थप भएर आउने गर्दछन् । प्रहरी थुनुवा कक्षमा हुने गरेका दुर्व्यवहारका घटनाहरूको बारेमा भने आयोगमा उजुरी आइरहेका छन् ।

## २.६ बलपूर्वक बेपत्ता विरूद्धको अधिकारको अवस्था

शसस्त्र द्वन्दको अबधीमा राज्यपक्षवाट बेपत्ता पारिएका र तत्कालिन विद्रोही पक्षवाट अपहरण गरी अवस्था अज्ञात रहेका व्यक्तिहरूको अवस्था विस्तृत शान्ति सम्झौता पश्चात पनि सार्वजनीक हुन सकेन । त्यसैगरी ३० दिन भित्र बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने सहमती भए पनि सो सहमती कार्यान्वयन हुन सकेन । राज्यले शसस्त्र द्वन्दको अबधीमा घटेका घट्नाहरूको सम्बोधन गर्न बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग र सत्य निरुपण तथा मेल मिलाप आयोगको स्थापना गऱ्यो । दुवै आयोगलाई दुई बर्षे कार्यकाल दिइएको र अर्को दुई बर्ष अवधी थप गरिएको भए पनि छानवीन मार्फत सत्य स्थापीत तथा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुन सकेनन् । चार बर्षे कार्यकाल पश्चात अहिले आयोग पदाधिकारी विहीन छ । तथापी पीडितका परिवार लाई राज्यको तर्फबाट प्रदान गरिदै आएको राहत रकम पाए नपाएको सम्बन्धमा यस प्रदेश अर्न्तगतका १३ वटै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिएकोमा केही जिल्लाहरूवाट राहत रकम पाएकाहरूको सूची यस कार्यालयलाई प्राप्त भएको र सम्बन्धीत निकायबाट जवाफ आउने क्रम जारी रहेको छ । यस प्रकारका कार्यबाट बेपत्ताको अवस्था छानवीन गर्न सहज हुने देखिन्छ ।[१२]

## २.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था

नेपालको संविधान (२०७२) मा अपाङ्गता भएका ब्यक्तिहरूको अधिकारलाई मौलिक हकमा व्यवस्था गरेको पाईन्छ । अपाङ्गता भएका नागरिकहरूको केही विशिष्ट अधिकार सम्बोधन गर्ने गरी ६ वटा धारामा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित मौलिक हकको व्यवस्था गरेको छ । जसमा धारा १८ समानताको हक, धारा २४ छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा ३१ शिक्षा

*१२ जिल्ला प्रशासन कार्यालयको यस कार्यालयलाई प्रेसित पत्रवाट प्राप्त जानकारी ।*

सम्बन्धी हक, धारा ३९ बाल बालिकाको हक, धारा ४२ सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको हक जस्ता अधिकार मौलिक हककै रुपमा समावेश रहेका छन् ।

त्यसैगरी अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७५, नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१/०७२–२०७५/०७६), अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण निर्देशिका २०७३, अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ लगाएत कानूनी संरचना रहेका छन् भने नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण सम्वन्धी महासन्धि अनुमोदन गरिसकेको छ । तर सन्धिका प्रावधान बमोजिम सरकारी, सर्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचको लागि पुरा गर्नुपर्ने पूर्वाधारको विकास हुन सकेको छैन । भुकम्प पछि निर्मित संरचना समेत अपांगमैत्री हुन सकेका छैनन् । राज्यबाट अपांग भत्ताको व्यवस्था गरेतापनि सबै व्यक्तिको पहुँच पुग्न सकेको छैन । तथापी सरकारी तथा गैससको साझेदारी र दातृसंस्थाको सहयोगमा केही सकारात्मक प्रयास पनि भएका छन् । अपाङ्गताको भौतिक पहुँचका लागि सरकारी निकायका भवन, सडक मात्र नभई नीजी आवास निर्माणमा समेत ध्यान दिनु जरुरी छ ।

## २.८ मानव अधिकार रक्षकको अवस्था

स्वतन्त्र, निष्पक्ष र निर्भिकताका साथ काम गर्नुपर्ने मानव अधिकार रक्षकको अवस्था यस वर्ष पनि चुनौतीपूर्ण नै रह्यो । पत्रकारहरूमाथि विद्युतीय कारोवार ऐन २०६३ अन्तरगत पत्रिकामा समाचार लेखेकै आधारमा पक्राउ गरिएको, मिडिया काउन्सील विद्येयक २०७६ ले पूर्ण प्रेस स्वतन्त्रता सहित संविधान प्रदत्त हकमा अंकुश लगाउने, पत्रकारलाई गरिने जरिवाना तथा सजायले स्वतन्त्र र निर्भिक पत्रकारिताको मर्म माथि प्रहार गरेको भनी पत्रकार महासंघबाट संचालित देशब्यापी आन्दोलनका कार्यक्रमले समेत मानव अधिकार रक्षकका अधिकार संरक्षणमा चुनौती रहेको पाइयो । नेपाल पत्रकार महासंघबाट भएका शान्तिपूर्ण धर्ना बिरोध, प्रर्दशनको यस कार्यालयबाट नियमित अनुगमन भएको छ । आयोगको यस कार्यालयको अनुगमन पछि विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न आयोगले विज्ञप्ती जारी गऱ्यो ।[१३]

देशमा बढ्दै गैरहेको नेपाल कम्न्यूनिष्ट पार्टी (विप्लव) का गतिवीधि तथा उनीहरूको गतिविधी प्रति सरकारको प्रतिवन्ध जस्ता घट्नाले मानव अधिकार रक्षकको अवस्था आउने दिनमा थप चुनौती पूर्ण रहने देखिन्छ । त्यस्तै संचारकर्मी तथा मानव अधिकार रक्षकहरू मानव अधिकार रक्षाको सवालमा सक्रिय रहँदा राज्यपक्ष तथा गैरराज्य दुवै पक्षबाट विभिन्न किसिमका धम्की, कुटपीट हुन पुगेको अवस्था विद्यमान नै देखिन्छ । २०७६ असार ३ गते सिन्धुलीका पत्रकार होमकुमार कार्कीलाई प्रहरीबाट यातना दिएको भनी आयोगमा उजुरी परी अनुसन्धान प्रारम्भ गरिएको छ ।

*१३ राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७६ जेठ १ गतेको प्रेश विज्ञप्ती ।*

## २.९ उपभोक्ताको अधिकार

उपभोक्ताको हक हित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति, गुणस्तर, शुद्धताको अनुगमन र सुपरीवेक्षणमा संलग्न निकाय बीच समन्वय गर्नका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सचिवको संयोजकत्वमा उपभोक्ता प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्सको प्रतिनिधिसहित रहेको समिति गठन गर्ने व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको संयोजकत्वमा स्थानीय बजार अनुगमन समिति गठन गरि उक्त समितिबाट नियमित अनुगमन गर्ने व्यवस्था रहेको छ। काभ्रेपलाञ्चोक जिल्लाका केही स्थानीय तहमा उक्त समितीवाट समितीको सदस्यहरू सहित पत्रकारहरूको सहभागितामा बजार अनुगमन गरिएको पाइयो । तर पनि उक्त अनुगमन चाडपर्व केन्द्रित भएको अनुगमन पश्चात पनि उपभोक्ताले सेवा सुविधामा शुद्धता तथा गुणस्तरीयता नपाइएको भन्ने गुनासो चितवन र काभ्रेपलाञ्चोक जिल्लामा गरिएको उपभोक्ता अधिकारको अनुगमनवाट प्राप्त भएको छ।

अनुगमनको क्रममा उपभोक्ता संरक्षण ऐन २०७५ को सम्बन्धमा सर्वसाधरणमा अनविज्ञता देखियो । ऐनले व्यवस्था गरे अनुरुप  नेपाल सरकारले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु वा सेवाको आपूर्ति मूल्य निर्धारण गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमन गर्ने व्यवस्था रहेको छ । उत्पादकले उत्पादन गरेका वस्तुमा लेवल लगाउनु अनिवार्य गरेको छ । लेवलमा उत्पादकको नाम, ठेगाना दर्ता नम्बर, उत्पादन गरिएको वस्तुको मिश्रण, तत्व, परिमाण र तौल वस्तु उपभोग गर्ने तरिका र वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइडइफेक्ट) लगाएतका विवरण अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था छ। त्यसको पुर्ण कार्यान्वयन हुन नसकेको यस कार्यालयबाट भएको अनुगमनबाट देखिएको छ।

उत्पादकको दायित्व अन्तर्गत गुणस्तरीय वस्तु वा सेवाको उत्पादन गर्ने, लेवल निर्धारण गर्ने, त्रुटिपूर्ण उत्पादन नगर्ने, उपभोक्तालाई कुनै किसिमको हानि नोक्सानी क्षति भएमा सो को मनासीव क्षतिपूर्ति दिने, भ्रामक विज्ञापन नगर्ने जस्ता दायित्व तोकेको छ। सेवा प्रदायकले उपभोक्तालाई सेवा प्रदान गर्दा विना भेदभाव सेवा प्रदान गर्नुपर्ने, सेवाको प्रकृति र सेवा प्राप्त गरे वापत उपभोक्ताले तिर्नु पर्ने मूल्यको सूची राख्ने, पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने, सेवा बापत रकम लिए पछि त्यसको बिल वा रसिद दिने[१४] दायित्व र जिम्मेवारी तोकेको पाइन्छ। तथापी मुल्य सूची राख्ने कार्य बाहेक अन्य व्यवस्थाको प्रभावकारी कार्यान्वयन नभएको र मुल्य सूची पनि सवै पसलमा राखेको नपाएको गुनासो काभ्रेपलाञ्चोक र चितवन जिल्लामा गरिएको अनुगमनवाट देखिन्छ।

उपभोक्ताको अधिकार हनन् भएमा त्यसलाई कसुर मानि दुई लाखदेखि तीन लाख रुपियाँसम्म जरिवाना गर्ने व्यवस्था छ । ऐनको दफा ३९ को बमोजिम महानिर्देशकले सजाय गर्न सक्ने

*१४ उपभोक्ता संरक्षण ऐन २०७५को दफा १२*

बाहेकका अन्य मुद्दा कारवाही किनारा गर्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकता अनुसार उपभोक्ता अदातल गठन गर्न सक्ने व्यवस्था छ । उपभोक्ता अदालतमा सम्बन्धित जिल्ला अदालतको जिल्ला न्यायाधीश अध्यक्ष र कानुन विषयमा स्नातक उपाधि हासिल गरेको नेपाल सरकारले तोकेको नेपाल सरकारको राजपत्र द्वितीय श्रेणीका दुई जना अधिकृत सदस्य रहने व्यवस्था छ । उपभोक्ता अदालतबाट भएको निर्णयमा चित्त नबुझे उच्च अदातलका पुनरावेदन लाग्न सक्ने व्यवस्था छ । अदालत गठन नभएसम्मका लागि सम्बन्धित जिल्ला अदालतबाट मुद्दाको कारबाही र किनारा लगाउने अधिकार रहने छ ।

ऐनमा स्पष्ट व्यवस्था गरिए पनि विद्यामान कानून बारे जानकारी नहुँदा सर्वसाधरणमा उपभोक्ता हित विपरितका कार्य बाट आफू ठगिएमा कहाँ र कसरी उजुरी दिने भन्नेमा अन्यौल रहेको पाइयो । उजुरी कारवाही प्रकृया र सजाय सम्बन्धमा जनचेतनाको अभावमा पीडितले सेवा प्रदायक विरुद्धमा उजूरी नदिने गरेको भन्ने पाइयो । उपभोक्ता हित संरक्षणका सन्दर्भमा व्यापक जनचेतना कार्यक्रमको साथमा रेडियो, टेलीभिजन, जिङ्गल तथा अन्य जानकारीमूलक सन्देश प्रशारण गरिनु आवश्यक देखिन्छ । स्थानीय सरकारले प्रभावकारी अनुगमन गरेमा उपभोक्ता अधिकार संरक्षण हुन सक्ने देखिन्छ ।

## २.१० सवै किसिमका जातिय भेदभाव विरुद्धको अधिकारको अवस्था

नेपालले जातिय भेदभाव विरूद्धको महासन्धिलाई अनुमोदन गरी राष्ट्रिय कानूनले समेत छुवाछुत तथा भेदभावलाई दण्डनीय अपराधको रुपमा कानूनी व्यवस्था गरेको छ । तथापी व्यवहारतः अझै पनि जातिय आधारमा छुवाछुत र विभेद हुने गरेको छ । यस क्षेत्रका विशेष गरी ग्रामीण भेगमा धाराको पानी प्रयोग गर्न नदिएको, सार्वजनिक धार्मिक स्थलमा पूजापाठ गर्न नदिइएको, दलितलाई घर बहालमा नदिएको समाचार प्रकाशन भएका पाइन्छन् । रामेछाप, सिन्धुली, दोलखा, काभ्रेपलाञ्चोक जिल्लाका ग्रामीण समूदायमा अझै पनि जातिय विभेदका घटनाबाट मानव अधिकार उलंघन भएको तथ्य यस कार्यालयबाट भएको अनुगमनबाट प्राप्त हुन आएको छ । छुवाछुत जस्तो मानवीय मर्यादामा असर पार्ने विषय ग्रामीण भेग र अशिक्षित समुदायमा बढी रहेको पाइन्छ । युवा पुस्ता र शैक्षिक स्तर राम्रो भएको समुदायले विस्तारै जातिय अधारमा हुने भेदभावलाई हटाउदै गएको पाइन्छ । मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नं. ९ चित्लाङ स्वास्थ्य चौकीमा माथिल्लो जातका कर्मचारीले दलित समुदायकी महिलालाई जातिय विभेद गरेको घटनाले ज्यादै चर्चा पायो[१५] । आयोगको यस कार्यालयबाट गरेको अनुगमनबाट कुरितीजन्य मूल्यमान्यता र अभ्यासले धारा, पधेरामा पानी छोएको, मन्दिरमा प्रवेश गरी गैर दलितसँग छोइछिटो गरेको सार्वजनिक काम र समारोहहरूमा छोइछाई, अन्तरजातिय विवाह आदि गरेको भनी दलित समुदायमाथि कुटपिट, दुर्व्यवहार, अपहेलना र हिंसा हुने गरेको पाइयो ।

१५ *दलित अनलाईन खवर मिति २०७६ असार ५ गते*

सदरमुकामको तुलनामा ग्रामिण ईलाकामा जातिय विभेद तथा छुवाछुत बढी रहेको, अझैपनि सार्वजनिक स्थल, सार्वजनिक समारोह, सामाजिक काम र व्यवहारहरूमा दलित माथि जातिय भेदभाव गर्ने गरेको, समाजमा जातिय विभेद हुने गरेतापनि सामाजिक असहिष्णुता बढ्ने र दलित झन बहिस्करणमा पर्ने डर, आर्थिक तथा न्यायमा पहुँचको कमीले न्याय पाउन कठिन हुने हुँदा उजुरी नगर्ने र घटना गाँउ घरमै मिलाउने गरेको देखिन्छ । जातिय भेदभाव तथा छुवाछुतको घटनालाई सकेसम्म समाजमा मिलापत्र गराउने, प्रहरीले उजुरी लिन ढिलासुस्ती गर्ने, राजनीतिक दवाबका कारण पीडकलाई कारबाही नहुने पीडितले न्याय बाट बंञ्चित हुनु परेको भनि दलित अधिकारकर्मीहरूद्वारा आयोगका यस कार्यालयद्वारा आयोजित कार्यक्रमहरूमा जानकारी प्राप्त हुने गरेका छन् ।[१६]

सिन्धुली जिल्ला दुधौली नगरपालिका ७ पोखरे र दश थलीका मुसहरहरूलाई सरकारी कामकाजका लागि कार्यालयमा सेवा लिने क्रममा सरकारी कर्मचारीले नै विभेद गरी दलित भन्दा पछाडी आउने अन्य जातका व्यक्तिहरूलाई सेवा दिई दलितहरूलाई ढिलासुस्ती गरी सेवा दिने गरेको भनाई रहेको पाइयो ।[१७]

सिन्धुली जिल्लामा बिवाहको भोज भतेरमा मुसहरले गैर दलितहरूलाई निमन्त्रणा गरे गैर दलित कै भान्से राखी सम्मानका साथ खानपिन गराउने गरेको तर गैर दलितहरूले बोलाएको बिवाहमा जाँदा मुसहरजाति लाई अलग्गै खेतको छेउमा राखि खाना खुवाएर विभेद र अपमान गर्ने गरेको, मुसहर समुदायलाई जातिय भेदभाव तथा छुवाछुतका घटना घटेमा कहाँ उजुरी गर्ने र कानुनी करबाही के हुन्छ भन्ने विषयमा जानकारी नभएको[१८] भनी अनुगमन टोली समक्ष गुनासो प्राप्त भएको थियो । जातिय विभेद तथा छुवाछूतका विषयमा जनचेतनामूलक कार्यक्रम संचालन गर्दा दलित समुदायको मात्र उपस्थिती हुने गरेको पाईयो ।

जातिय विभेदका घटनाहरू जस्तै अन्तरजातिय विवाह, सार्वजनिक स्थल र समारोहमा गरिएको विभेदजन्य व्यवहारलाई कानुनको दायरामा ल्याउनका लागि गैर दलित समुदायबाट सहयोग नगरेको भन्ने अनुगमनबाट देखियो ।

स्थानीय सरकारका नीति तथा कार्यक्रममा सामाजिक अन्तरघुलनका कार्यक्रम प्राथामिकतामा नपरेको देखिएकोले अझै पनि जातिय छुवाछुत र विभेद रहेको भन्ने दोलखा, रामेछाप र सिन्धुली जिल्लामा गरेको अनुगमनबाट तथ्य प्राप्त भएकोछ[१९] । काठमाडौं भक्तपुर, काभ्रेपलाञ्चोक,

---

*१६ राष्ट्रिय मानव अधिकार आयोगको जातिय विभेद सम्बन्धी दोलखा, रामेछाप र सिन्धुलीमा गरिएको अनुगमन प्रतिवेदनमा आधारित*

*१७ Ibid No 2*

*१८ Ibid No 2*

*१९ दोलखा, रामेछाप र सिन्धुलीको अनुगमनको आधार*

सिन्धुपाल्चोक लगायतका जिल्लाहरूमा अझै जातिय विभेदका घटना रहेको देखिन्छ।[२०]

## २.११ महिला अधिकारको अवस्था

प्रदेश नं ३ अन्तर्गत उपत्यकाका काठमाण्डौ, भक्तपुर र ललितपुर समेत समावेश भएकोले मानव सुचाङ्क अगाडि रहेको देखिन्छ। काठमाडौं उपत्यका भन्दा बाहेकका जिल्लाहरू महिला अधिकारको अवस्था राम्रो नरहेको प्रदेश नं ३ योजना आयोगको तथ्याङ्कले देखाएको छ। कानूनी रुपमा महिला अधिकार विगतको तुलनमा बढी र संरक्षित भएको छ तर कार्यान्वयन पक्ष अझै फितलो रहेको छ। महिलालाई घर परिवार र समाजले विभेद गर्ने, दाइजो नल्याएको निहुँमा घरपरिवारका सदस्यबाट नै घरबाट निकाला गर्ने, कम दाइजो ल्याएको भनी मानसिक र शारीरिक यातना दिने लगायत महिला हिंसाका घटना दोलखा र सिन्धुपाल्चोकमा गरिएको अनुगमनको तथ्यबाट देखिन्छ। पहाडी जिल्ला र शहरी क्षेत्रमा समेत दाइजो प्रथाको कारण महिला हिंसाको मुख्य कारण बन्न पुगेको पाइन्छ।[२१] महिलाहरू परिवार भित्र निर्णय प्रकृयामा सहभागिता कम हुने, सम्पत्ति माथिको पहुँचमा कमी, विद्यालयमा बालिकाको लागि शौचालयको प्रवन्ध नहुँदा उमेर बढ्दै गएका बालिका विद्यालय छाड्ने, चेपाङ्ग, जिरेल, दलित, माझी, दनुवार समुदायमा बालविवाह अत्यधिक रहनु जस्ता यस क्षेत्रका प्रमुख समस्या देखिन्छन्। महिलाले घरमा गरेको काम र श्रम शक्तिको मुल्याङ्कन नगरिने प्रचलनले गर्दा महिलाहरू आर्थिक परनिर्भरता हुनु, कानूनी रुपमा समान कामको समान ज्याला भनिएता पनि व्यवहारतः लागु नहुनु, आमको नामबाट आफ्ना सन्तानलाई नागरिकता बनाउन कठिनाई आदि विषय यस क्षेत्रको मुख्य समस्या रहेको सिन्धुपाल्चोक र दोलखा जिल्लामा गरिएको अनुगमनबाट जानकारी प्राप्त भएको छ[२२]। महिलाहरू रोजगारीको अवसरको नाममा चिनको केरुङ्गमा बेचविखनमा पर्ने गरेको समेत पाईयो[२३]।

यस आर्थिक वर्षमा सिन्धुपाल्चोक जिल्लामा घरेलु हिंसापीडित भन्दै १ सय ३७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ७१ घट्ना छन् भने खान/लाउन नदिएर बेवास्ता गरेको ३१, गाली गलौज गरी घर निकाला गरेको ३३, धम्कीका २ घट्ना छन्। यी मध्ये प्रहरीले ८९ घट्नामा मिलापत्र भएको छ भने ४६ घट्नामा आवश्यक कारबाही जारी रहेको तथा २ उजुरी कानुनी प्रक्रियामा रहेको देखिन्छ।[२४] उपरोक्त तथ्याङ्कले प्रदेश नं ३ मा महिला हिंसाका घट्ना उल्लेख्य रहेको देखिन्छ।

२० *http://www.inseconline.org/np/wp-content/uploads/2019/YB2019/Annex_1.3_Province_3_YB2019.pdf*

२१ *राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७६/३/१२ को अनुगमन*

२२ *२०७५ माघ ७ गते देखि २०७५ माघ १३ गते सिन्धुपाल्चोक र दोलखा जिल्लामा गरिएको अनुगमन*

२३ *मिति २०७५।१२।२३ देखि ऐ. २९ सम्म राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं.३को कार्यालयबाट रसुवामा गरिएको अनुगमन प्रतिवेदनमा आधारित*

२४ *नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ http://www.inseconline.org/np/wp-content/ uploads/2019/YB2019/Annex_1.3_Province_3_YB2019.pdf*

## २.१२ बाल अधिकारको अवस्था

नेपालले अनुमोदन गरेको बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९८९ का साथै बालबालिका सम्बन्धी ऐन, २०७५ समेतले व्यवस्था गरेको बालबालिकाको बाँच्न पाउने, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका अधिकारलाई संरक्षण गर्न सरकारी तहमा विभिन्न सकारात्मक प्रयास भएका छन् । निःशुल्क शिक्षाको लागि राज्यबाट लगानी बढेको भए पनि सामुदायिक विद्यालयतर्फ जनमानसमा आकर्षण बढ्न सकेको छैन । सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा, बालमैत्री, दण्डरहित पठन पाठनका लागि सरकारी एवं गैरसरकारी तवरमा प्रयास पनि भैरहेको पाईन्छ । तथापी बाल अधिकारलाई संरक्षण र सम्वर्धन गरिनु पर्दछ भन्ने मान्यता अनुसार घर, परिवार, समुदाय र विद्यालयमा सोही अनुरुप चेतना विकास हुन सकेको छैन ।

नेपाल कम्युनिष्ट पार्टी (विप्लव) ले यस वर्ष पटक-पटक आह्वान गरेको नेपाल बन्दको कारण विद्यार्थीले विद्यालयसम्म जान नपाई करिव ८० लाख विद्यार्थीहरूको पढाई प्रभावित भएको छ ।[२५] विद्यार्थीलाई विद्यालयमा अनुशासनको नाममा दिइने शारीरिक दण्ड सजाय, विद्यालयमा शिक्षकबाट छात्र छात्रालाई यौन दुर्व्यवहार गर्ने, अनुमति विना संचालन भएका बाल गृहमा बाल अधिकारको हनन् भएको पाइन्छ । अझपनि विद्यालयहरूमा वालमैत्री वातावरण र व्यवहार हुन सकेको छैन । यस क्षेत्रमा बालविवाह उल्लेख्य रहेको पाईन्छ ।

ललितपुर जिल्ला बागमती गाउँपालिका वडा नं. २ माल्टा स्थित कालिदेवी मा.बि. कक्षा ५ मा अध्यनरत बर्ष ११ को समिर लुङ्वा ले मिति २०७६/०३/०९ आत्महत्या गरेको घटनामा घरपरिवार र शिक्षकबाट बिभेद् र यातना पाएको भन्ने घटनाको आयोगको यस कार्यालयले स्वविवेकमा उजुरीग्रहण गरि अनुसन्धान प्रारम्भ गरेको छ । यसबाट समेत बिद्यालय, घरपरिवार मा बालबालिका माथि भएका हिंसा र शारीरिक दण्डको अवस्था प्रष्ट देख्न सकिन्छ ।

## २.१३ मानव बेचविखन तथा गैरकानूनी अप्रवासनको अवस्था

नेपालबाट भारतको बाटो प्रयोग गरी अवैधरुपमा खाडि मुलुक जाने प्रबृद्धिमा विकास भएको देखिन्छ । नेपालले अदक्ष कामदारलाई तेश्रो मुलुक जानका लागि श्रम स्वीकृतिदिन रोक लगाए पछि अबैध रुपमा भारतको बाटो प्रयोग गरी अन्य मुलुक जानेको संख्या बढ्दो छ । २०७५ कार्तिक १९ गते भारतको राजधानी नयाँ दिल्लीमा बेचिएका ४० जना नेपाली युवतीको उद्धार गरी नेपाल ल्याइएको छ । जसमध्ये ३७ जना अबैघ बाटो हुदै खाडी मुलुक लैजान लागिएको अवस्थामा भारतको गाजियाबादबाट उद्धार गरिएको १५ जना लाई राजधानी काठमाण्डौ पठाइएको र २

२५ https://www.kantipurdaily.com/news/2019/06/26/156151235678095348.html dated 2019.0.26 16 INSEC year book 2019,

जनालाई झापा पठाउने भनी माइति नेपालले जनाएको छ।[२६]

२०७५ माघ महिनामा भारतको उत्तरपूर्वी राज्य मणीपुरवाट १४७ जना महिला तथा ३२ जना पुरुषहरूको उद्धार गरिएको राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय सानेपाले अनुगमन गऱ्यो। निजहरूको उद्धार पश्चात माइति नेपाल, पौरखी नेपाल, पिएनसिसि अनामनगर, अमाकस नेपाल, शक्ति समूह, साथी सस्था लगायतका सेल्टर होममा राखी उनीहरूलाई आ-आफ्नो घर फिर्ता पठाइएको थियो। तर नेपाल सरकार प्रहरी र माईती नेपाल सकृयतामा भारतबाट उद्दार गरिएको भएता पनि मानव बेचविखन वा गैर कानूनी तवरले बैदेशिक प्रस्थान तर्फ कानूनी कारवाही भएको पाईएन।

त्यसै गरी नेपाली महिलाहरूलाई विभिन्न प्रलोभनमा देखाई बैदेशिक रोजगारीको बहानामा अवैध रुपमा तेश्रो मुलुक लैजादै गर्दा २३ जना महिला तथा बालबालिकाको भारतको मिजोरमबाट उद्दार गरिएको थियो।[२७] भारतको नयाँ दिल्ली स्थित किसनगढको एक घरको २ वटा कोठाबाट कुवेत पठाउने भनी बन्धक बनाइ राखेको महिलाहरू आफन्त नेपाल नामक संस्था, दिल्ली महिला आयोग र दिल्ली पुलिसको संयुक्त प्रयासमा २०७६ बैशाख २४ गते १० जना नेपाली महिला तथा किशोरीको उद्धार गरिएको भन्ने आफन्त नेपालको मिति २०७६ बैशाख २९ गते को पत्रद्वारा जानकारी प्राप्त भयो। केन्यामा नेपाली महिलाहरू यौन व्यवसायको लागि बेचविखनमा परेको भन्ने मिति २०७६ जेठ ८ गते को टाइम सिटिजनले समाचार प्रकाशन गऱ्यो। यसरी अवैध रुपमा मानव बेचविखन तथा गैरकानूनी ओसार पसारमा परेका किशोरी तथा महिलाहरूको उद्धार भएको देखिन्छ।[२८] तर गैरकानूनी आप्रवासन सम्बन्धी घटनाका पीडितले न्यायमा पहँच तथा क्षतिपूर्ति लगायत बैकल्पीक रोजगारीको लागि राज्यबाट प्रभावकारी कार्य भएको पाईएन।

## २.१४ आप्रवासी कामदारको अधिकारको अवस्था

प्रत्येक व्यक्तिले आफ्नो योग्यता, क्षमता र आफ्नो छनोट अनुसार रोजगारीको अवसर खोजी गरिरहेको हुन्छ। नेपालमा कृषिमा आधारित रोजगारीले बर्ष दिनभरको जिविकोपार्जन तथा सन्तानको शिक्षा दिक्षामा उचित खर्च धान्न कठिन हुने गरेको छ। नेपालमा रोजगारीको अवसर नपाए पछि गन्तव्य मुलुकतर्फ लाग्नु स्वाभाविक प्रक्रिया हो। नेपाल सरकारले वैदेशिक रोजगार सम्बन्धि नीति र विद्यमान ऐनले वैदेशिक रोजगारबाट ज्ञान, सिप, प्रविधि र रेमिट्यान्स मार्फत देशको विकासमा योगदान पुग्ने नीति लिएको छ। श्रम तथा रोजगार मन्त्रालयको प्रतिवेदन अनुसार सन् २००८ देखि २०१७ सम्म श्रम स्वीकृति लिइ ३५ लाख १२ हजार २ सय ७३ नेपाली

२६ *News published by Nepali view dated 12.5.2019*

२७ *मिति २०७६/१/२६को माइिती नेपालबाट प्राप्त केश स्टडिबाट।*

२८ *मिति २०७६/०१/२९ को अफन्त नेपालको पत्र*

नागरिक विभिन्न मुलुकमा आप्रवासी कामदारका रूपमा गएको देखिन्छ[२१] भने अदक्ष कामदारको लागि नेपाल सरकारले श्रम स्वीकृति दिने गरेको छैन । घरेलु कामदारको निम्ति हाललाई रोक लगाएकोले खुला सिमानाको कारण भारतको बाटो प्रयोग गरी गैरकानूनी रुपमा भारत, म्यानमार, बैङकक, श्रीलङ्का हुदै खाडी मुलुक जाने कामदारको संख्या बढ्दो रहेको छ। अस्वस्थ खानपिन दुर्घटना, अनुपयुक्त बसाइँ मृत्यु हुनेको संख्या वर्षेनी बढ्दो छ। वैदेशीक रोजगारीको सिलसिलामा पेसागत र पारिवारिक तनावले मानसिक समस्या उत्पन्न भई आत्महत्या दर पनि बढ्दै गएको पाइन्छ। सन् २०१८ मा मलेसिया, साउदी अरब, कतार, युएइ, कुवेत, ओमन, बहराइन लगायतका देशमा ८ सय ७८ जनाको मृत्यु भयो । यी मध्ये ३५ जना महिला थिए । राज्यले बैदेशिक रोजगारमा पठाउने कामदारहरूको क्षमता अभिबृद्धि सम्बन्धमा खासै पहल गरेको देखिदैन। राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनबाट प्राप्त तथ्यका आधारमा हेर्दा गन्तव्य मुलुकमा अलपत्र परेका कामदारको उद्धार तथा स्वदेश फिर्ता सहजरूपमा नभएको, भारत जाने लाखौँ नेपालीलाई वैदेशिक रोजगार ऐन ले समेट्न नसकेको, भारतका विभिन्न भागबाट घर फर्किँदा सुरक्षाकर्मीबाट लुटिनु, सिमानाका समस्या, श्रमिक भर्ना गर्ने निकाय (म्यानपावर एजेन्सी, स्वास्थ्य परीक्षण संस्था, अभिमुखीकरण संस्था) र एजेन्टका क्रियाकलापको अनुगमन र नियमन प्रभावकारीरूपमा हुन नसकेको, महिला कामदारको विशेष संरक्षणको अभाव रहेको, दोहोरो करार गर्ने प्रचलन, रहेको देखिन्छ । तोकिएभन्दा बढी शुल्क लिने तर रसिद नदिने प्रवृत्ति, वैदेशिक रोजगारबाट पीडित र तीनका परिवारको राज्यबाट सुरक्षा र न्यायमा सहज पहुँच हुन नसकेको, मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन नभएको आदि कारण नेपालबाट वैदेशिक रोजगारमा जाने अधिकांश नागरिकको अवस्था अत्यन्त दयनीय छ। यस वर्ष राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारलाई आप्रवासी कामदारको मानव अधिकार सुधारका लागि १६ बुँदे सिफारिस गरेको छ ।

२१ *नेपाल मानव अधिकार बर्ष पुस्तक २०१९*

# परिच्छेद-३

## ३.१ प्रदेश कार्यालयका उपलब्धी, चुनौती र समाधानका सम्भावित उपायहरू

### ३.१.१ प्रदेश नं. ३ कार्यालयका उपलब्धी

प्रदेश कार्यालयको लागि विनियोजित आ.व. २०७५।७६ को बजेट शीर्षक अन्तर्गत १२ वटा अनुसन्धान कार्य मिसनबाट कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा २१ वटा अनुसन्धान मिसनबाट ११६ उजुरीमा अनुसन्धान सम्पन्न भएको छ। अनुसन्धान सम्पन्न भएका ८७ उजुरी निर्णयार्थ आयोगमा प्रस्तुत भइसकेको छ। देशको राजधानी रहेको प्रदेश भएको र काठमाण्डौ उपत्यकामा हुने नियमित वन्द हड्ताल, विरोध प्रर्दशनको आकस्मिक अनुगमनलाई प्राथमीकतामा राखी अनुगमन गरी आयोगबाट प्रेश विज्ञप्ती समेत जारी भएका छन्। श्रोत साधनले भ्याए सम्म प्रत्येक घटनामा आयोगको उपस्थिति हुने गरेको छ। प्रवर्धनात्मक कार्यक्रम तर्फ प्रदेश नं. ३ कार्यपालिका, व्यव्स्थापिकासँग समन्वय गरी मानव अधिकारमुखी विकास पद्धती विषयक कार्यशाला सम्पन्न भएका छन् भने प्रदेश सरकार र व्यस्थापीकाका सभाषदहरूको लागि मौलिक हक कार्यान्वयनमा प्रदेश सभा र प्रदेश सरकारको भूमिका विषयक कार्यशाला सम्पन्न भएका छन्। आयोगको रणनीतिक उद्धेश्य बमोजिम सबैका लागि घरघरमा मानव अधिकार शान्ति र विकासको आधारलाई मध्यनजर गर्दै स्थानीय तहका जनप्रतिनिधि हरूकालागि मानव अधिकारमुखी विकास पद्धती विषयक अभिमुखिकरण कार्यक्रम सम्पन्न भएका छन्। यस प्रदेश अन्तर्गत प्रादेशिक क्षेत्राधिकार भित्रका १३ वटै जिल्लाहरूमा कार्यक्रम गर्ने लक्ष्य लिइएको छ। त्यसै गरि न्यायिक समितिका पदाधिकारीहरूको लागि मानव अधिकार सम्बन्धी कार्यक्रमबाट निष्पक्ष, स्वतन्त्र र छिटो छरितो न्याय सम्पादन गर्नको लागि मद्धत पुगेको छ। यस प्रदेश अन्तर्गतका नेपाल प्रहरी, शसस्त्र प्रहरी वलका कर्मचारीलाई संचालित मानव अधिकार सम्बन्धी तालिममा सहभागी भइ आयोगको पहुँच विस्तार गर्दै मानव अधिकार संस्कृति विकासको लागि उल्लेख्य उपलब्धी भएको छ। गैर सरकारी संस्था, मानव अधिकार रक्षकसँग समन्वय र सहकार्यमा भएका कार्यक्रमबाट सहकार्य विस्तारमा उल्लेख्य योगदान पुग्न गएको छ। आयोगको कार्यालयको लागि हेटौडामा घर जग्गाको लागि निरन्तर प्रयास भइ रहेको छ।

**चुनौती**

मानव अधिकार र मानव विकास सूचाङ्कको आधारमा हेर्दा प्रदेश नं. ३ अन्तर्गत का १३ जिल्लाको भौगेलिक अवस्था, आम नागरीकको जीवनस्तर हेर्दा धनी र गरीबको खाडल फराकिलो रहेको देखिन्छ। उपत्यकाका तीन जिल्ला काठमाण्डौ, भक्तपुर र ललितपुर बाहेक अन्य जिल्लाको मानव अधिकार अवस्था हेर्दा गरिव र सिमान्तकृत वर्गको

अधिकार भौगोलिक विकटता आदिको कारण नागरीकको मानव अधिकार चुनौतीपूर्ण रहेको छ । सिमान्तकृत वर्गको मानव अधिकार संरक्षणको लागि दीगो विकासको मूलधारमा सिमान्तकृत र भौगेलिक रुपमा विकट ठाँउमा रहेका नागरिकको अधिकार संरक्षण चुनौतीपूर्ण रहेको छ। यस कार्यालयमा विचाराधिन उजुरीको अनुसन्धानको लागि दक्ष कर्मचारी सहित सवारी साधन, चालकको प्रवन्ध नहुंदा अनुसन्धानमा प्राथमिकता दिनु पर्ने जति दिन सकिएको छैन । दरबन्दी बमोजिम कर्मचारी सहित भौतिक श्रोत साधन अपुग भएकोले अशातित प्रतिफल प्राप्त गर्न कठिनाइ हुनु स्वभाविकै हो । तसर्थ आयोगले योजना तर्जुमा गर्दा विचाराधिन उजुरीको अनुपातमा सवारी साधन सहित कर्मचारीको व्यवस्थापन हुन नसक्नु चुनौतीको रुपमा रहेको छ। यसका अतिरिक्त ग्रामिण तहमा मानव अधिकार सम्बन्धी चेतना विस्तारको लागि प्रत्येक जिल्लामा सम्पर्क विन्दु नहुँदा पनि चुनौती महसुस भएको छ ।

**चुनौती समाधानका उपाय**

हाल यस कार्यालयमा विचाराधीन उजुरी अनुसन्धान फछ्र्यौटको लागि चालक सहित कम्तीमा दुइ वटा फिल्डमा जाने सवारी साधनको तत्काल व्यवस्था हुनु पर्ने देखिन्छ। देशमा विद्यमान दण्डहीनता अन्त्यका लागि राज्यका निकायसँग नियमित छलफल परामर्श हुनु पर्ने देखिन्छ। त्यसै गरि नागरिक अधिकार र कर्तव्यका सम्बन्धमा समेत मानव अधिकार आयोगको प्रदेश नं ३ कार्यालयबाट चेतनामूलक कार्यक्रम संचालनका लागि मानव अधिकार रक्षक सहित मानव अधिकारकर्मीसँग समन्वय हुनु पर्ने देखिन्छ । आयोगको प्रदेश नं ३ कार्यालय अन्तर्गतका जिल्लामा मानव अधिकार रक्षकलाई अवैतनीक सम्पर्क सूत्रको रुपमा तोक्नु पर्ने देखिन्छ। जसले उजुरी ग्रहणमा सहजता हुने देखिन्छ। आयोगको प्रदेश कार्यालयको लागि हेटौडामा कार्यालय संचालनको लागि आयोगबाट बजेट विनियोजन गरि घर जग्गाको लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समेत समन्वय गर्दै जानु पर्ने देखिन्छ। त्यसै गरी आयोगका गतिविधीहरू ग्रामिण तह सम्म पुऱ्याउनु पर्ने देखिन्छ।

## ३.२ प्रदेश र स्थानिय सरकारलाई सुझाव

प्रदेश सरकार र स्थानीय सरकारले बजेट बिनियोजन गर्दा मानव अधिकारमुखी विकास पद्धतीलाई केन्द्रबिन्दुमा राख्नु पर्ने देखिन्छ। विकासको केन्द्र विन्दु मानिस भएकोले सरकारको नीति, योजना, बजेट कार्यक्रम आम नागरिकको सार्थक सहभागितालाई जोड दिदै विकास निर्माणका कार्यमा योगदान गर्ने वातावरण निर्माण गर्नु पर्दछ । त्यसै गरी विकासको प्रतिफल भौगोलिक रुपमा विकट रहेका जिल्ला र ग्रामिण क्षेत्रलाई पुऱ्याउनु पर्ने देखिन्छ। सिमान्तकृत र आवाज विहिनका आवाजलाई सरकारी निकायबाट सम्बोधन गरिनु पर्दछ। आम जनता प्रति जवाफदेही सरकारबाट नै मानव अधिकार सुनिश्चीत र संरक्षण सम्भव भएकोले मानव अधिकार चेतना विस्तारका लागि समेत यथोचित वजेट बिनीयोजन गरिनु पर्ने देखिन्छ।

# अनुसूची १

## राष्ट्रिय मानव अधिकार आयोगको प्रदेश नं. ३ कार्यालय, सानेपा, ललितपुरका कर्मचारी विवरण : (सांगठनिक संरचना)

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | यज्ञप्रसाद अधिकारी | निर्देशक |
| २ | सरिता ज्ञवाली | उप-निर्देशक |
| ३ | जायश्वर चापागाई | मानव अधिकार अधिकृत |
| ४ | रारा कर्माचार्य | लेखा अधिकृत |
| ५ | रेवा रेग्मी | मानव अधिकार अधिकृत |
| ६ | लक्ष्मी पौडेल | मानव अधिकार अधिकृत |
| ७ | पवित्रा भण्डारी | मानव अधिकार अधिकृत |
| ८ | लोकनाथ घिमिरे | सहायक प्रथम |
| ९ | निर्मला बोगटी | लेखापाल |
| १० | अस्मिता पोखरेल | सूचना प्रविधि तथा अभिलेख सहायक |
| ११ | श्रीराम कार्की | सवारी चालक |
| १२ | प्रदिप सुवेदी | कार्यालय सहायक |
| १३ | प्रेमकुमार चौधरी | सुरक्षागार्ड |

# अनुसूची २
## प्रदेशीक क्षेत्राधिकार रहेका जिल्लाहरू
## प्रदेश नं ३ कार्यालय सानेपा




**प्रदेशीक क्षेत्राधिकार रहेका स्थानीय तह संख्या ११९**




श्रोतः www.mofaga.gov.np

# अनुसुची-३
## यस कार्यालयबाट बिभिन्न कार्यक्रममा भएको सहभागीता

| क्र.सं | कार्यक्रमको विषय | आयोजक र स्थान | रा.मा.अ. आयोग प्रदेश नं ३ कार्यालयबाट भाग लिने कर्मचारीको नाम | कार्यक्रमको अबधि मिति र दिन समेत |
|---|---|---|---|---|
| १ | CEDAW कमिटी मा आयोगको तर्फबाट आवधिक प्रतिवेदन पेश गर्न | CEDAW कमिटी जेनेभा | सरिता ज्ञवाली | २०७५।८।३-६ |
| २ | Equal access to justice for : Using Law to Dismantle Cased-based Discrimination in South AsiaविषoRegional Conference | होटल हिमालय, ललितपुर | दिपक नेपाली | २०७५।४।२८ -३० |
| ३ | ESCR र विकास सम्बन्धी उद्घाटन कार्यक्रम | काठमाण्डौ स्कूल अफ ल | यज्ञप्रसाद अधिकारी | २०७५।५।५ |
| ४ | TOT र श्रोत सामाग्रीबारे छलफल | राष्ट्रिय न्यायीक प्रतिष्ठान नेपाल | यज्ञप्रसाद अधिकारी | २०७५।५।८ |
| ५ | ICRC ले राखेको बेपत्ता दिवसको कार्यक्रम | ICRC | जायश्वर चापागाई | २०७५।५।१३ |
| ६ | गोपनीयता सम्बन्धी विधेवक उपर छलफल | काठमाण्डौ विश्व विद्यालय | यज्ञप्रसाद अधिकारी | २०७५।६।२ |
| ७ | मुलुकी संहिता र मानव अधिकार | मानव अधिकार रक्षक केन्द्र | यज्ञप्रसाद अधिकारी | २०७५।६।५ |
| ८ | मानव अधिकार अनुगमन प्रतिवेदन सार्वजनिक कार्यक्रम | कोक्याप, नेपाल | यज्ञप्रसाद अधिकारी | २०७५।६।४ |
| ९ | खाद्य अधिकार कानून सम्बन्धी छलफल | फियान नेपाल | जायश्वर चापागाई | २०७५।६।१० |
| १० | NHRAP र कार्यान्वयन | जिल्ला प्रशासन कार्यालय, भक्तपुर | यज्ञप्रसाद अधिकारी | २०७५।६।१५ |
| ११ | मानव अधिकार उजुरी सम्बन्धी छलफल | रा.मा.अ.आ. के.का. | जायश्यर चापागाई | २०७५।६।५ |
| १२ | बाल विवाह उन्मुलन राष्ट्रिय सम्मेलन | रा.मा.अ.आ. के.का. | दिपा आचार्य | २०७५।६।१० -११ |

| | | | | |
|---|---|---|---|---|
| १३ | न्यायीक समितिका लागि तालिम | रा.मा.अ.आ. के.का. | यज्ञप्रसाद अधिकारी | २०७५।६।१९ |
| १४ | ESCR तालिम | APF | दिपक नेपाली | २०७५।७।२५ –२९ |
| १५ | आर्थिक सामाजिक अधिकार सूचाङ्क सम्बन्धी अन्तरक्रिया | काहुराष्ट | यज्ञप्रसाद अधिकारी | २०७५।७।७ |
| १६ | शिक्षक सम्मान कार्यक्रम | WECAN | यज्ञप्रसाद अधिकारी | २०७५।७।१७ |
| १७ | मेलमिलाप र मानव अधिकार विषयक प्रशिक्षण | सम्भव मेलमिलाप केन्द्र, काठमाण्डौ | यज्ञप्रसाद अधिकारी | २०७५।८।२८ |
| १८ | IUSY Asia Pacific Committee: Take Back Democracy | IUSY, Nepal | यज्ञप्रसाद अधिकारी | २०७५।८।१४ |
| १९ | घरेलु हिंसा विरुद्धको कार्यक्रम | माइती नेपाल | दिपक नेपाली | २०७५।८।२१ |
| २० | National Conference on Gender and Migration in Nepal's Federation promoting on Evidence based Dialouge | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | जायश्वर चापागाई | २०७५।८।२५ -२६ |
| २१ | नागरिक सँगठनको स्वनियम र आन्तरिक शुसासन : सवाल र दृष्टिकोण विषयक छलफल कार्यक्रम | इन्सेक | यज्ञप्रसाद अधिकारी | २०७५।०९।१२ |
| २२ | आर्थिक सामाजिक अधिकार सुचाङ्क सम्बन्धी अन्तरक्रिया | काहुराष्ट | यज्ञप्रसाद अधिकारी | २०७५।९।१३ |
| २३ | रेडियो उपत्यका उद्घाटन कार्यक्रम | रेडियो उपत्यका, काठमाण्डौ | यज्ञप्रसाद अधिकारी | २०७५।९।२५ |
| २४ | जीउदो शहिद दुर्गाप्रसाद भट्टराई प्रतिष्ठान कार्यक्रम (शहिद दिवस) | जीउदो शहिद दुर्गाप्रसाद भट्टराई प्रतिष्ठान, काठमाण्डौ | यज्ञप्रसाद अधिकारी | २०७५।१०।१६ |
| २५ | निर्देशक समितिको बैठक | राष्ट्रिय न्यायीक प्रतिष्ठान, काठमाण्डौ | यज्ञप्रसाद अधिकारी | २०७५।१०।१८ |
| २६ | आर्थिक, सामाजिक अधिकार सम्बन्धी प्रशिक्षण कार्यक्रम | इन्सेक | यज्ञप्रसाद अधिकारी | २०७५।११।१८ |
| २७ | स्थानीय निकायका लागि मेलमिलाप तालिम | तारकेश्वर नगरपालिका, काठमाण्डौ | यज्ञप्रसाद अधिकारी | २०७५।११।१७ |

| | | | | |
|---|---|---|---|---|
| २८ | भारतबाट माइती नेपालमा ल्याइएका व्यक्तिहरूको अवस्था अनुगमन | माइती नेपाल, काठमाण्डौ | सरिता ज्ञवाली | २०७५।११।३ |
| २९ | ब्लु डाइमन सोसाइटीले आयोजना गरेको कार्यक्रम | ब्लु डाइमन सोसाइटी, काठमाण्डौ | रेवा रेग्मी | २०७५।११।७ |
| ३० | इन्सेकको वर्ष पुस्तक सार्वजानिक कार्यक्रम | इन्सेक | यज्ञप्रसाद अधिकारी | २०७५।११।७ |
| ३१ | सिमान्तकृत समुदायको सामाजिक र आर्थिक क्षमता सवलीकरण कार्यक्रम | जुरी नेपाल | यज्ञप्रसाद अधिकारी | २०७५।११।९ |
| ३२ | भारतबाट माइती नेपालमा ल्याइएका व्यक्तिहरूको अवस्था अनुगमन | माइती नेपाल, काठमाण्डौ | सरिता ज्ञवाली<br>लक्ष्मी पौडेल | २०७५।११।१० |
| ३३ | मानव अधिकार रक्षक निर्देशिका सम्बन्धी प्रशिक्षण कार्यक्रम | जुरी नेपाल | जायश्वर चापागाई | २०७५।१२।१५ |
| ३४ | मानव अधिकार आयोग ऐन २०६८ शंसोधन गर्ने विधेयक उपर छलफल | इन्सेक | यज्ञप्रसाद अधिकारी | २०७६।१।३१ |
| ३५ | आयोगको वार्षिक कार्ययोजना छलफल | रा.मा.अ.आ. के.का. | यज्ञप्रसाद अधिकारी<br>जायश्वर चापागाई | २०७६।१।१५-१७ |
| ३६ | राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार अवस्था प्रस्तुतीकरण | सशस्त्र प्रहरी वृत सानो गौचरण | यज्ञप्रसाद अधिकारी | २०७६।२।१५ |
| ३७ | मानसिक स्वास्थ्य सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी अन्तरक्रिया | कोसिस नेपाल | यज्ञप्रसाद अधिकारी | २०७६।२।१७ |
| ३८ | दिगो विकास लक्ष्य र मानव अधिकार सम्बन्धी कार्यक्रम | रा.मा.अ.आ. के.का. | यज्ञप्रसाद अधिकारी<br>सरिता ज्ञवाली | २०७६।२।१५ |
| ३९ | मानव अधिकार र विपत व्यवस्थापन | शसस्त्र प्रहरी वल कुरिनटार, चितवन | यज्ञप्रसाद अधिकरी | २०७६।३।२४ |
| ४० | मानव अधिकार आयोग अध्यायन अवलोकन भ्रमण | फिलिपिन्स | यज्ञप्रसाद अधिकरी | २०७६।३।१-६ सम्म |

# अनुसूची-४
## राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ३ कार्यालय सानेपा ललितपुरमा रहेका विषयगत उजुरीहरुको विवरण

| विषयगत उजुरीहरू | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | असार | जम्मा | प्रदेश नं ५ बुटवल कार्यालयबाट प्राप्त उजुरी | पुराना उजुरी | कुल जम्मा उजुरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नागरिक तथा राजनीतिक अधिकार | ७ | १३ | ३ | २ | ३ | २ | ५ | ४ | २ | ५ | ६ | ४ | ५६ | ७ | १७१ | २२९ |
| आर्थिक समाजिक तथा साँस्कृतिक अधिकार | ४ | २ | २ | - | - | - | १ | २ | - | १ | | २ | १४ | ६ | ६५ | ८५ |
| यातना तथा क्रुर अमानवीय व्यवहार विरुद्धको अधिकार | १ | १ | - | १ | - | १ | १ | - | - | - | १ | | ६ | ८ | ११६ | १३० |
| बाल अधिकार सम्बन्धी अधिकार | - | - | - | - | - | - | - | - | - | १ | - | | १ | १ | ५० | ५२ |
| महिला विरुद्धको अधिकार | - | १ | १ | ४ | - | - | ४ | - | - | - | - | १ | ११ | १ | ६४ | ७६ |
| आप्रवासी कामदारहरूको अधिकार | - | १ | - | - | १ | - | - | - | - | - | - | | २ | - | ५३ | ५५ |

| जम्मा | अपांगता भएका व्यक्तिहरूको अधिकार | सबै किसिमका जातिय भेदभाव विरुद्धको अधिकार | व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार |
|---|---|---|---|
| १२ | - | - | - |
| १९ | - | - | १ |
| ६ | - | - | - |
| ७ | - | - | - |
| ४ | - | - | - |
| ४ | - | - | १ |
| ११ | - | - | - |
| ८ | - | १ | १ |
| २ | - | - | - |
| ९ | - | - | २ |
| ७ | - | - | |
| १ | | - | |
| ९६ | - | १ | ५ |
| ३७ | - | - | १४ |
| ७६६ | १९ | २ | २०९ |
| ८९९ | १९ | ३ | २२८ |

## अनुसूची-५

## राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ३ कार्यालय सानेपा ललितपुरमा आर्थिक वर्ष २०७५/०७६ मा जिल्लागत रुपमा दर्ता भएका उजुरीहरूको विवरण

| काठमाण्डौ | भक्तपुर | ललितपुर | दोलखा | रामेछाप | सिन्धुली | काभ्रेपलाञ्चोक | सिन्धुपाल्चोक | रसुवा | नुवाकोट | धादिंग | चितवन | मकवानपुर | अन्य जिल्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | २ | ८ | ० | ५ | ५ | ६ | ५ | २ | ५ | ५ | ६ | २ | १९ | ९६ |

# अनुसूची-६

## राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं ३ कार्यालय सानेपा ललितपुर बाट निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएका उजुरी फाईलको विवरण

| क्र.स. | पीडितको नाम | ठेगाना | उजुरी नं. | विषय | मिति |
|---|---|---|---|---|---|
| १ | रत्नेश्वर प्रसाद सिंह | ब्रम्हपुरी गाविस-१ रौतहट | ७७० | जीवनको अधिकार | २०७५।४।१७ |
| २ | लेनिन विष्ट | काभ्रेपलाञ्चोक | ६४ | आवागनमा रोक | २०७५।५।१८ |
| ३ | भगवती बुढाथोकी | काठमाडौ | ७१० | यातना | २०७५।८।२८ |
| ४ | कल्पना भण्डारी | रामेछाप | ४०२६ र ४१३३ | यातना | २०७५।८।२८ |
| ५ | दिनेश दुलाल | सिन्धुपाल्चोक | ३३२७ | यातना | २०७५।८।२८ |
| ६ | तेजबहादुर राउत | सिन्धुपाल्चोक | ८५० | प्रहरीद्वारा दुर्व्यवहार | २०७५।८।२८ |
| ७ | लवकुमार दाहाल समेत ५ जना | सिन्धुली | ८६ | जीवनको अधिकार | २०७५।८।२८ |
| ८ | फूलमाया तामाङ र बुद्धिलाल तामाङ | धादिङ | २२५ | वेपत्ता | २०७५।८।२८ |
| ९ | माइली तामाङ | काभ्रेपलान्चोक | ९४४ | यातना | २०७५।८।२८ |
| १० | दानबहादुर खत्री | ललितपुर | ७३७ | यातना | २०७५।८।२८ |
| ११ | सोनाम लामा | सिन्धुपाल्चोक (नख्खु कारागार) | ८८५ | न्याय प्रशासन | २०७५।८।२८ |
| १२ | नवराज पाठक | काभ्रेपलान्चोक | ९३२ | जीवनको अधिकार | २०७५।८।२८ |
| १३ | राज परियार | काभ्रेपलान्चोक | १६ | यातना | २०७५।८।२८ |
| १४ | मनिषकुमार श्रेष्ठ | काठमाडौ | २४ | न्याय प्रशासन | २०७५।८।२८ |
| १५ | कान्ता थापा प्रधान | काठमाडौ | २८ | दुर्व्यवहार | २०७५।८।२८ |
| १६ | आम नागरिक | काठमाडौ | ३० | स्वतन्त्रताको हक | २०७५।८।२८ |
| १७ | मनोहर तिवारी | सुर्खेत | ३३ | गैर कानूनी थुना | २०७५।८।२८ |
| १८ | सीता उप्रेती | काठमाडौ | ३९ | धम्की | २०७५।८।२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | दमयन्तीकला राई | काठमाडौ | ४४ | परिवारको अधिकार | २०७५।८।२८ |
| २० | गीता लुइटेल | काठमाडौ | ४९ | ESCR | २०७५।८।२८ |
